पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ४३ | २०७१ जेठ २३ गते शुक्रबार (June. 6, 2014) | मूल्य रू. १०/-

## सुशीलमाथि छिर्के दाउ



काठमाडौं । ६० र ४०को सुशील कोइराला र शेरबहादुर देउवाको रणनीतिले मलाई अन्याय भयो भन्दै हिंडेको रामचन्द्र पौडेललाई कार्यबाहक सभापति दिन सुशील कोइराला तयार भएका छैनन् । पौडेलले ४० बुँदे सुझाव दिएर दबाब हाल्दा पनि सुशील नगल्दा रामचन्द्र पौडेल बर्बराउन थालेका छन् ।

यता वरिष्ठ नेता शेरबहादुर देउवा संसदीय दल र पार्टी केन्द्रिय समितिको बैठक नै नराखेर सभापति सुशील कोइरालाले सर्वसत्तावादी व्यवहार देखाएरको आरोप लगाएका छन् । (बाँकी अन्तिम पेजमा)

# माधव नेपालको राष्ट्रपतिमा च्याँखे

काठमाडौं । एमाले पार्टी अध्यक्षका लागि उम्मेदवारी घोषणा र प्रचार प्रसारमा जुटेका वरिष्ठ नेता माधवकुमार नेपालले पार्टी अध्यक्ष होइन, भावी राष्ट्रपति हुन खोजेको चर्चा सुरू भएको छ । एमाले अध्यक्ष झलनाथ खनाललाई संसदीय दलको नेताको निर्वाचनमा पराजित गर्न सफल भएका केपी ओलीले महाधिवेशनमा पार्टी अध्यक्षमा सहजै जित्ने कुरा बल्खु दरबारमा सबैलाई थाहा छ । तैपनि माधव नेपालले



गरेपनि जेठ २० गते बैंककबाट फर्किएका केपी ओलीले एयरपोर्टमै 'म जनताको ऋण तिर्छु, मेरो जीवन जनताको लागि समर्पित गर्छु' भन्नासाथ माधव नेपालको चुनावी रंग फिका हुन गएको छ ।

यसैबीच केपी ओली पार्टी अध्यक्षमा सर्वसम्मत हुने सम्भावना बढेर गएको छ । भित्री रहस्य बुझ्ने एमाले वृत्तका सुत्र भन्छन्, डा.रामवरण यादवपछि राष्ट्रपति बन्ने दाउ माधव नेपालको छ । मदन भण्डारीको देहवसानपछि १५ वर्ष पार्टीको महासचिव भएर चलाएका माधव नेपाललाई अध्यक्ष बन्ने ठूलो महत्वाकांक्षा नभएको सबैलाई थाहा छ । त्यसैले माधव नेपालले अध्यक्षमा च्याँखे थापेर राष्ट्रपति बन्ने उनको रणनीति देखिन्छ ।

वामदेव गौतम, झलनाथ खनाल र केपी ओलीले चाहे भने एमाओवादीलाई (बाँकी अन्तिम पेजमा)

## वामदेव माथि नै छानविन ?



काठमाडौं । एमाले नेता वामदेव गौतम यतिखेर उपप्रधानमन्त्री तथा गृहमन्त्री हुन् । उनी माथि एआईजी बढुवामा घूस खाएको आरोप लागेका छ । यो आरोप बारे प्रतिपक्षी नेता एमाओवादी अध्यक्ष प्रचण्डले प्रधानमन्त्री सुशील कोइरालासँग माग गरेका छन्, दोस्रो सिनियरलाई पन्छाएर एघारौं वरिताका डिआईजीलाई बढुवा गरियो यो आर्थिक चलखेलले मात्र सम्भव हुन सक्छ, त्यसैले गृहमन्त्री वामदेवमाथि छानविन हुनुपर्‍यो ।

स्मरणीय छ, एमाओवादी अध्यक्ष प्रचण्डले भ्रष्टाचार काण्डमाथि प्रश्न उठाएर (बाँकी अन्तिम पेजमा)

# नीतिगत भ्रष्टाचारमा अख्तियार मौन

अभियान संवाददाता

काठमाडौं । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा पूर्वमूख्य सचिव लोकमानसिंह कार्कीको नियुक्तीपछि आयोगको सक्रियता निकै बढेको अनुभूति जनताले गरेका भएपनि किन के ले हो आयोगले अहिले पनि भने जति काम गर्न सकेको देखिएको छैन ।

उच्चपदमा आसीन भएका व्यक्तिहरूबाट हुने नीतिगत भ्रष्टाचारका बारेमा आयोगले हातै हाल्न सकेको देखिएको छैन । पछिल्लो समयमा सुशील कोइराला नेतृत्वको सरकार गठन भएपछि कांग्रेस, एमालेको सरकार गठन भएपछि कांग्रेस, एमालेबाट सरकारमा गएका व्यक्तिहरू नीतिगत भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । आफ्ना नातागोता र पैसाको ब्रिफकेश बुझाउनेहरूलाई राम्रो कमाइ हुने ठाउँमा नियम विपरित सरूवा गरी



कर्मचारीहरूको मनोबल गिराइरहेको अवस्थामा अख्तियारले त्यसतर्फ कुनै चासो देखाउन सकेको छैन । कृषिमन्त्री हरिप्रसाद पराजुलीले दुग्ध विकास संस्थानको कर्मचारी नियमावली २०७० लाई ठाडै उल्लंघन गरी निमित्त महाप्रबन्धकलाई कृषि मन्त्रालयमा हाजिर गराएर तेस्रो कनिष्ट तहका व्यक्तिलाई आर्थिक लेनदेनको आधारमा निमित्त महाप्रबन्धक बनाउँदा आयोगले कृषि मन्त्रालयलाई निर्णय सच्याउन निर्देशन दिनु बाहेक अन्य केही कार्य अघि बढाउन नसक्नुको पछाडि के रहस्य लुकेको छ ?

निमित्त महाप्रबन्धकबाट हटाइएका रामतपेश्वर चौधरीले गत चैत १४ गते नै आफूलाई निमयविपरित मन्त्रालयमा हाजिर गराइएकोले त्यो निर्णय बदर गरिपाउँ भनि आयोगमा निवेदन दिएकाले आयोगले चैत

(बाँकी अन्तिम पेजमा)

## कोइराला सरकार विघटन हुनुपर्छ : थापा

अभियान संवाददाता

काठमाडौं । झण्डै दुई वर्ष अघि एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीका महासचिव रामबहादुर थापाले प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकार अबिलम्ब विघटन गरेर नयाँ संयुक्त सरकार गठन गर्नु पर्ने माग गरेका छन् । महासचिव थापाले उक्त माग सुनसरीको धरानमा क्रान्तिकारी पत्रकार महासंघले आयोजना गरेको पत्रकार सम्मेलनमा गरेका हुन् ।

अहिलेको कोइराला नेतृत्वको सरकार र ठूला भनिएका दल नेपाली कांग्रेस, नेकपा एमाले र एमाओवादी सविधान निर्माण र राज्य पुनःसंरचनाको पक्षमा नदेखिएको भन्दै दश वर्षे जनयुद्ध र



२०६२/०६३ सालमा भएको जनआन्दोलनबाट प्राप्त गणतन्त्रको (बाँकी अन्तिम पेजमा)

## बारले दुईधारे नीति अघि सार्‍यो




काठमाडौं । नेपाल बार एशोसिएसनले आयोजना गरेको विशेष संवैधानिक सम्मेलन विभिन्न निर्णयहरू गर्दै हालै सम्पन्न भएको छ । तीन दिनसम्म चलेको सम्मेलनमा मुलुकभरबाट आएका झण्डै दुई हजार कानुन व्यवसायीहरूको सहभागिता रहेका थियो । सम्मेलनको अन्तिम दिन सम्मेलनले राज्यको शासकीय स्वरूपका बारेमा मिश्रित पद्दति अपनाउनु पर्ने निष्कर्ष निकालेको छ । बारले जनताबाट निर्वाचित राष्ट्रपति संसदबाट निर्वाचित प्रधानमन्त्री वा जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री रहने गरी शासकीय स्वरूप जे भएपनि ति सबै (बाँकी अन्तिम पेजमा)

## खरेललाई घरविदा

काठमाडौं । डिआईजीहरू बढुवा हुन ब्रिफकेस बोकेर मन्त्री र नेताका घरमा धाइरहेका छन् भनेर बोल्दा एसएसपी रमेश खरेलमाथि छानविन आयोग गठन गरियो र रिपोर्ट सार्वजनिक नगर्दै घरबिदामा पठाइयो । गृहमन्त्री वामदेव गौतमको दोस्रो आँखा पहिले नै परेको थियो, जब बामदेवले एसएसपी मलाई भेट्न आएनन् भनेका थिए । मौका कुरेर बसेका गृहमन्त्रीले रमेश खरेलको बयानलाई राजनीतिक हतियार बनाएर खरेलकै टाउकोमा बजारे । यद्यपि जनता खरेलमाथि अन्याय भयो भन्ने (बाँकी अन्तिम पेजमा)



# दलहरूप्रति राष्ट्रपतिको आक्रोश

काठमाडौं । संविधानसभाको दोस्रो निर्वाचनपछि सरकार गठन गर्न नेपाली कांग्रेस र नेकपा एमाले बीच भएको सात बुँदे सहमतिलाई राष्ट्रपति डा. रामवरण यावदले ढिलै भएपनि विरोध गरेका छन् । राष्ट्रपति यादवले दलहरूका क्रिकलाप र सुशील कोइराला नेतृत्वको सरकारको सुस्तालाई लिएर असन्तुष्टी समेत जनाउँदै संविधान निर्माणको कार्य ढिला हुँदै गएकोमा असन्तुष्टी जनाउँदै दलहरू र सरकारले संविधानसभालाई पूर्णता दिन नदसकेकोमा समेत आपत्ति जनाएका छन् । संविधानसभाको चुनाव सम्पन्न भएको ६ महिना बितिसक्दा समेत संविधानसभाले पूर्णता पाउन नसकेको अवस्थामा राष्ट्रपति यादवले आपत्ति जनाएका हुन् । सम्मानित सर्वोच्च अदालतले गत वैशाख २९ गते १५ दिनभित्रमा २६ सभासद् मनोनित गरी संविधानसभालाई पूर्णता दिन दिएको



आदेशलाई उल्लंघन गर्दै कोइराला सरकारले सर्वोच्च अदालतको उक्त आदेशको पुनरावलोकन गर्न निवेदन दर्ता गराएको थियो । त्यसप्रति पनि राष्ट्रपति यादवले कडा टिप्पणी गरेका छन् ।

विपी चिन्तन प्रतिष्ठानद्वारा विपी कोइराला जन्म शताब्दीको उपलक्ष्यमा केही दिन पहिला राष्ट्रपति कार्यालय शितल निवासमा आयोजित चाँदीको सिक्का विमोचन कार्यक्रममा उपस्थित भएका राष्ट्रपतिले दलहरूले गल्ती गर्ने तर त्यसको दोष आफूलाई दिने गरेको भन्दै राजनीतिक दलहरूले संविधान विपरित सातबुँदे सहमति गरेको आरोप समेत लगाएका छन् । अदालतको कुरा दलहरूले नमानेको उद्घोष गर्दै राष्ट्रपतिको कुर्सी पक्डेर म बस्न सक्छु ? दुई वर्ष वा चार वर्षमा संविधान निर्माण गरेको भए म गइहाल्ने थिएँ नि भन्दै अहिले पनि ३ वा ६ महिना भित्रमा संविधान निर्माण भए आफू गइहाल्ने उद्घोष गर्दै तपाईंहरू (दलहरू) काम गर्नु हुन्न अनि मलाई गाली गर्ने ? भनेर (बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# सात बुँदेले उब्जाएको प्रश्न

*संविधानसभाको दोस्रो निर्वाचनपछि बसेको पहिलो व्यवस्थापिका संसदको बैठकमा राष्ट्रपति डा. रामवरण यादवको कार्यकाल र नयाँ राष्ट्रपतिको निर्वाचन गर्नुपर्ने विषयमा दलहरूबीच चर्को विवाद भएको थियो । काँग्रेसले राष्ट्रपतिको कार्यकाल नयाँ संविधान जारी नभएसम्म भएको भन्दै बचाउ गरेर वकालत गरिरहेको अवस्थामा नेकपा एमालेका संसदीय दलका नेता केपी ओलीले नयाँ निर्वाचन भएर संसद गठन भएकोले पुरानो निर्वाचनबाट चुनिएका राष्ट्रपतिलाई नयाँ संविधानसभा/व्यवस्थापिका संसदले नचिन्नेसम्मका अभिव्यक्ति दिएपछि संसदमै निकै विवाद भएको थियो । संसदमा राष्ट्रपतिको पदावधिका बारेमा विवाद उत्पन्न भएपछि त्यसैबेला राष्ट्रपति यादवले असन्तुष्टि जनाएका थिए । सत्ता साझेदार दलले नै संसदबाट राष्ट्रपति, उपराष्ट्रपतिको अनुमोदन हुनुपर्ने अडान लिएपछि काँग्रेस संकटमा परेको थियो । काँग्रेसले सरकारको नेतृत्व लिने बेला एमालेसँग गरेको सात बुँदे सहमतिमा नयाँ संविधान जारी गर्नुअघि नै राष्ट्रपतिको पदावधि सकिने र त्यसबेलासम्मका अर्थात् संविधान जारी नभएसम्मका लागि संसदबाट अनुमोदन गर्नुपर्ने सहमतिमा काँग्रेसले हस्ताक्षर गरेपछि राष्ट्रपति यादवले त्यसबेला चित्त दुखाएका थिए । सात बुँदे सहमति पत्रमा हस्ताक्षर गरेपछि काँग्रेस एमालेप्रति राष्ट्रपति यादव आक्रोशित बन्न पुगेका भए पनि संवैधानिक राष्ट्रपति भएको हुनाले उनले केही गर्न सक्ने अवस्थामा राष्ट्रपति थिएनन् ।*

*काँग्रेस-एमालेबीच भएको सात बुँदे सहमतिपछि राष्ट्रपति यादवले काँग्रेस, एमालेका अध्यक्षहरूलाई बोलाएर संविधानमा भएको व्यवस्थाप्रति उनीहरूको ध्यानाकर्षण गराएका भए पनि सत्ताका लागि मरिमेट्ने काँग्रेस, एमालेले संविधानको व्यवस्थालाई कुनै वास्ता गरेनन् । राष्ट्रपति यादवले आफू संविधान अनुसार नै अघि बढ्न चाहेको भन्दै दलहरूलाई संविधानमा व्यवस्था भएअनुसार मात्र सहमति, सम्झौता गर्नु आग्रह गरेका थिए । आफूलाई प्रजातन्त्रको ठेकेदार बताउने नेपाली काँग्रेसले सत्ताको लागि संविधानको खिल्ली उडाउने कार्य गरेकोमा राष्ट्रपति यादवले चित्त दुखाउँदै काँग्रेसका सभापति सुशील कोइरालालाई भनेका थिए । एमाले, एमाओवादीले त संविधानको खिल्ली उडाउने काम गरे तर तपाईं प्रजातान्त्रिक पार्टीको सभापति भएकाले तपाईंले समेत संविधानको खिल्ली उडाउन मिल्छ ?*

*सात बुँदे सहमति पछि काँग्रेस एमालेका नेताहरु राष्ट्रपतिलाई भेट्न शितल निवास पुग्दा सबै नेताहरूलाई राष्ट्रपतिले एउटै प्रश्न गर्ने गरेका थिए संविधानको खिल्ली उडाउने काम किन गर्नु भयो ? त्यसबेला सबै दलका नेताहरु अवाक भएर बाहिरिए पनि उनीहरूले सात बुँदे सहमतिलाई परिमार्जन गर्न नसोज्नुले राष्ट्रपति अझ आक्रोशित भएर हालै विपी चिन्तन प्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा स्वयं राष्ट्रपतिले दलका नेताहरूले गर्ने गरेका भाषण जस्तो भाषण गरेर राष्ट्रपति पदको मात्र नभएर संस्थाको नै गरिमा घटाएको हामीले ठानेका छौं ।*

*नेपालको अन्तरिम संविधानले राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक स्वीकार गरेको छ । मुलुकको संविधान उल्लंघन हुँदा अन्य विषयमा चुप रहने राष्ट्रपतिले आफ्नो पदावधिका बारेमा कुरा उठ्दा मात्र चित्त दुखाउनुको कुनै औचित्य छैन । पटक पटक संविधानको उल्लंघन भएको छ । दलहरूले संविधान अनुसार सहमति सम्झौता गर्नु पर्नेमा त्यसो नगरी सहमतिका आधारमा संविधानको व्याख्या गर्ने गरेका हुनाले त्यसबेला राष्ट्रपति किन मौन ? संविधानको पालक र संरक्षक भएका नाताले राष्ट्रपतिले संविधानको रक्षा गर्न सक्थे । संविधानको रक्षा गर्ने दायित्व पाएका राष्ट्रपतिले संविधानको रक्षा गर्न नसकेकै कारण दलहरूले संविधानको धज्जी उडाउने कार्यलाई तिव्रता दिएका हुन् । जब आफ्नो पदावधिको कुरा उठ्यो, त्यसबेला मात्र राष्ट्रपतिले संविधानको कुरा उठाउनुले के संकेत गर्छ ?*

*संविधानसभा/व्यवस्थापिका संसदको बैठक आह्वान गर्ने र अन्य गर्ने अधिकार विश्वका सबै प्रजातान्त्रिक मुलुकहरूमा राष्ट्रपतिलाई नै दिइएको हुन्छ । हाम्रो संविधानले समेत त्यो व्यवस्था गरेकोमा तत्कालिन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई संविधानसभाको बैठक आह्वान गर्ने अधिकार राष्ट्रपति स्वयंले दिएका हुन् । संविधानको वकालत गर्ने पार्टीका सभापति नै अहिले कार्यकारी प्रधानमन्त्री भएको बेला स्वयं प्रधानमन्त्री र उनको पार्टीले नै संविधानको खिल्ली उडाउँदै संविधानभन्दा बाहिर गएर सत्ता लिप्साका लागि अनेक प्रकारका सहमति, सम्झौता गर्नुले प्रजातान्त्रिक पार्टी भनिने काँग्रेस अहिले अप्रजातान्त्रिक तवरले सञ्चालन भएको र सरकार सञ्चालनको जिम्मेवारी पाएको अवस्थामा समेत संविधानको खिल्ली उडाउने कार्य गरेको हुनाले के काँग्रेसलाई प्रजातान्त्रिक पार्टी स्वीकार गर्न सकिन्छ त ?*

*पछिल्लो समयमा काँग्रेस, एमालेबीच फेरि सात बुँदे सहमतिलाई कार्यान्वयन गराउने विषयमा विवाद सिर्जना हुन सक्ने अवस्था देखिएकाले त्यो विवाद बढ्दै गएको खण्डमा त्यसले संविधान निर्माणलाई नै प्रत्यक्ष असर गर्न सक्ने देखिएको छ । प्रायः सबै दलले एक वर्षभित्रमा संविधान निर्माण गरिसक्ने प्रतिबद्धता जनाएका हुनाले काँग्रेस, एमालेको विवादले संविधान निर्माणमा अवरोध पुर्‍याइनु हुँदैन भन्ने हामीले ठानेका छौं । अनावश्यक विवाद निकाल्नुको कुनै औचित्य छैन/रहेन ।*

# नबन्ने नै भो माघ ८ भित्रमा संविधान

**देवेन्द्र चुडाल**

संविधानसाको दोस्रो निर्वाचनमा कुनै पनि दलले सामान्य बहुमतसम्म ल्याउन नसकेपछि नेपाली काँग्रेस र नेकपा एमालेसहितको संयुक्त सरकार निर्माण गर्न काँग्रेस-एमालेबीच भएको सात बुँदे सहमति अहिले चर्चाको विषय बनेको छ । काँग्रेस-एमाले बीच भएको सातबुँदे सहमतिमा उल्लेख भएनुसार संविधानभसा/व्यवस्थापिका संसदबाट राष्ट्रपति, उपराष्ट्रपति, सभाध्यक्षलगायतका व्यक्तिहरूलाई पुनः अनुमोदन गर्नुपर्ने सहमति गरेका हुनाले अहिले त्यो विषय चर्चाको शिखरमा रहेको छ । नेपालको अन्तरिम संविधानले राष्ट्रपतिको पदावधि संविधान जारी नभएसम्म कायम रहने भन्ने व्यवस्था गरेको भए पनि आफूलाई प्रजातन्त्रको ठेकेदार सम्झने काँग्रेसले संविधानको धज्जी उडाउँदै संसद्बाट राष्ट्रपतिले पुनः अनुमोदन हुनुपर्ने सहमति गर्नु कुनै हालतमा उचित थिएन । सत्ताका लागि काँग्रेसले एमालेसँग त्यस्तो अलोकतान्त्रिक र असंवैधानिक सहमति गर्नुले काँग्रेस सत्ताका लागि जे पनि गर्दछ, जोसँग जस्तो सुकै सम्झौता गर्न तयार हुन्छ भन्ने प्रमाणित भएको छ ।

पहिलो संविधानसभा संविधान निर्माण गर्न नसकेर असफल सावित भएको हुनाले संविधान निर्माण गर्नेका लागि भनेर दोस्रो संविधानसभाको निर्वाचन भएको सबैमा जगजाहेरै रहेको अवस्थामा दलहरूले संविधान निर्माणलाई आवश्यक सहयोग पुर्‍याउनु र दैनिक कार्य सञ्चालन गर्नका लागि सरकार गठन गर्नु पर्ने उनीहरूलाई बाध्यता नै थियो । संविधानसभाको दोस्रो निर्वाचनमा सबैभन्दा ठूलो दल भएको नाताले काँग्रेसको नेतृत्वमा सरकार निर्माण हुने नै थियो । दलहरूको पहिलो दायित्व भनेको संविधान निर्माण गर्नु नै हो । पहिलो संविधानसभाले किन संविधान निर्माण गर्न सकेन भन्दै त्यसको समीक्षा गरेर दलहरू अगाडि बढ्नु पर्नेमा अहिले उनीहरू एकका विरुद्ध अर्को खनिँदै गएका छन् । नेपालको अन्तरिम संविधानले पहिलो संविधनसभाले संविधान निर्माण गर्न सक्दैन भन्ने कल्पना नै गरेको थिएन । तर त्यसबेला संसदमा सबैभन्दा ठूलो दल भएको एमाओवादीको लहडका कारण संविधान निर्माण भएन । पटक-पटक संविधानसभाले आफ्नो पदावधि आफैं थपेर सतप्रतिशत दुई वर्षको बदला चार वर्ष पुर्‍याए पनि संविधान निर्माण भएन । तत्कालिन संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङ अहिले पनि संविधानसभाका अध्यक्ष नै रहेका छन् । त्यसबेला नेम्वाङले संविधानसभाले संविधान निर्माणको कार्य ८० प्रतिशत कार्य पुरा गरिसक्यो अब २० प्रतिशत मात्र काम बाँकी रहेको उद्घोष गर्दै हिँडेका थिए । तर २० प्रतिशत काम दुई वर्षको समयसीमा थप्दा पनि पुरा भएन, आखिरी किन ?

संविधानसभाको दोस्रो निर्वाचनमा जाँदा प्रायः सबै दलहरूले ६ महिनाभित्रमा स्थानीय निकायको निर्वाचन गराउने र एक वर्षभित्रमा संविधान जारी गरिसक्ने प्रतिबद्धतान आ-आफ्नो घोषणापत्र मार्फत् गरेका भएपनि एमाओवादी संविधानसभाको दोस्रो निर्वाचनमा तेस्रो दलमा खुम्चिन बाध्य भए पछि उसले आफ्नो चुनावी घोषणापत्रमा प्रतिवद्धता जनाएका विषयभन्दा बाहिर गएर संविधान निर्माण नभएसम्म स्थानीय निकायको चुनाव गराउन नदिने उद्घोष गरेपछि सत्ताधारी दलहरू काँग्रेस, एमाले स्थानीय निकायको चुनाव नगराउने पक्षमा गएका हुनाले जनताले अरू सास्ती र ढिलासुस्ती भोग्नु पर्ने भएको छ । आफ्नो घोषणापत्रलाई उल्लंघन गर्दै दलहरू अहिलेको जस्तो अवस्थामा अघि बढेको खण्डमा २०७१ माघ ८ गतेभित्रमा संविधान किमार्थ निर्माण हुन सक्दैन । अहिले पनि संविधान निर्माणका लागि आवश्यक प्रक्रियाहरू पुरा भएका छैनन् । सर्वोच्च अदालतले वैशाख २९ गते सरकार र संविधानसभाका अध्यक्षलाई संविधानसभालाई पूर्णता दिन १५ दिने आदेश जारी गरे पनि सरकारले अदालतको आदेशलाई धोती लगाइदिएको छ । पहिलो संविधानसभामा पनि चुनाव हारेका अर्थात् जनताले नपत्याएका व्यक्तिहरूलाई मन्त्रिपरिषद्बाट मनोनित गरेर प्रधानमन्त्री समेत बनाइयो । नेपालको अन्तरिम संविधानले व्यवस्था गरेनुसार राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुर्‍याएका र प्रत्यक्ष र समानुपातिक तर्फबाट संविधानसभामा सहभागिता जनाउन नसकेका जनजाति, आदिवासीहरूबाट दलहरूको सहमतिमा मन्त्रिपरिषद्ले २६ जनालाई मनोनित गर्नेछ भन्ने व्यवस्था भएकोमा पहिलो संविधानसभाले सविधानमा प्रष्ट व्यवस्था भएको विषयलाई धोती लगाउँदै दुई/दुई ठाउँबाट चुनाव हारेका र अन्य केही व्यक्तिहरू चुनाव हारेका पनि संविधनसभामा पुगेका थिए । राजनीतिक सहमतिका नाममा संविधानको धज्जी उडाउने काम पहिला भपनि भएकै हो । राजनीतिक सहमति संविधान अनुसार हुनुपर्नेमा दलहरूले सहमति अनुसार संविधानको व्याख्या गर्दै संविधानलाई कागजको खोस्टामा परिणत गरेपछि अहिले थुप्रै समस्याहरू देखिएका छन् । सबै समस्याहरूको समाधान खोज्ने थलो संसद भएपनि संसदलाई बाइपास गरेर केही ठूला दलका नेताहरू कुनै अँध्यारो कोठामा बसेर निर्णय गर्ने अनि त्यही निर्णयलाई संसदमा प्रवेश गराएर पारित गराउने ठूला दलहरूको प्रयास नै समस्याको बाधक हो ।

पहिलो संविधानसभामा पनि ठूला तीन दल एमाओवादी, काँग्रेस, एमाले र केही मधेसवादी दलहरूको मोर्चाले तमासा देखाएकै हुन् । उच्चस्तरीय राजनीतिक संयन्त्रको नाममा उनीहरूले एक प्रकारको भूमिगत गिरोहको जस्तो कार्य गरेका थिए । त्यसैबेला उच्चस्तरीय राजनीतिक संयन्त्र असफल भइसकेको अवस्थामा अहिले आएर फेरि उच्च स्तरीय राजनीतिक संयन्त्र बनाउन खोज्नु संविधान निर्माण गर्न नचाहनु बाहेक अन्य केही हुन सक्दैन । पहिला नै असफल सावित भएको उच्चस्तरीय राजनीतिक संयन्त्रलाई संविधानले चिन्दैन । संविधानमा व्यवस्था नै नगरिएको संयन्त्र बनाएर त्यही संयन्त्र मार्फत् सरकारलाई आफ्नो कब्जामा राख्ने उद्देश्यका साथ एमाओवादी अगाडि बढेको प्रष्ट रूपमा देखिएको छ । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले अनेक बखेडा झिक्दै आफैं उच्चस्तरीय राजनीतिक संयन्त्रको स्थायी अध्यक्ष बन्न खोज्नुले पनि संविधान निर्माणलाई अवरोध पुर्‍याउने कार्यलाई नै बल पुर्‍याउँदछ । संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको ६ महिना वितिसक्दा पनि संविधानसभाले पूर्णता पाउन सकेको छैन । अन्तरिम संविधानमा व्यवस्था भएअनुसार संविधानसभा भन्नाले जनताबाट प्रत्यक्ष चुनिएर आएका २ सय ४० जना, समानुपातिकबाट आएका ३ सय ३५ र दलहरूको सहमतिमा संविधानमा व्यवस्था भएअनुसार मन्त्रिपरिषद्बाट मनोनित हुने २६ जना गरी जम्मा ६०१ लाई संविधानसभा भनिन्छ भन्ने प्रष्ट व्यवस्था गरेकोमा २६ सिटमा मनोनित नै नगरी अपूर्ण संविधानसभाले कसरी महत्वपूर्ण कार्य गर्न सक्छ ? आफूलाई प्रजातन्त्रको ठेकेदार ठान्ने नेपाली काँगेसका सभापति नै प्रधानमन्त्री रहेको बेला स्वयम् काँग्रेसले नै संविधानको धज्जी उडाउनुले काँग्रेसको प्रजातन्त्रको निष्ठामाथि नै घात पुगेको छ । सत्ताबाहिर रहँदा संविधान अनुसार राज्य संचालन हुनुपर्छ भन्ने काँग्रेसले के अहिले संविधानअनुसार नै आफ्ना कार्य अघि बढाएको छ त ? नेपालले अहिले स्वीकार गरेको व्यवस्था प्रधानमन्त्रीय पद्धति हो । कार्यकारी अधिकार प्रधानमन्त्रीमा रहेको हुनाले आफ्ना मन्त्रीहरूले गरेका राम्रा-नराम्रा सबै कामको जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्दछ । मन्त्रीहरू भनेका त प्रधानमन्त्रीका सहायक मात्र हुन् । प्रधानमन्त्रीसँग मन्त्रीहरूको राय नमिलेको खण्डमा मन्त्रीले राजीनामा दिन सक्छन् । प्रधानमन्त्रीको निर्णय नै क्याबिनेटको निर्णय हुने भएको हुनाले त्यसै अनुरुप सरकार अघि बढ्ने गरेका छन् । तर अहिले सुशील कोइराला नेतृत्वको सरकारका मन्त्रीहरु सडकका साँढे जस्ता भएका छन् । प्रधानमन्त्रीको आदेश, निर्देशनलाई धोती लगाउँदै आ-आफ्नो मन्त्रालयमा आफूखुसी निर्णय गर्ने, सरुवा-बढुवा गर्ने, नियम कानुनभन्दा बाहिर गएर आफूलाई हुँदै नभएको अधिकार प्रयोग गर्ने गरेका हुनाले छोटो समयमै कोइराला नेतृत्वको सरकार आलोचनाको पात्र बनेको छ ।

संवैधानिक अंगले दिएका आदेश र निर्देशनहरू पालना गर्नु सरकारको दायित्व र कर्तव्य भए पनि कतिपय मन्त्रीहरूले निर्देशनको पालना गरेका छैनन् । नीतिगत निर्णयमा व्यापक मात्रामा आर्थिक चलखेल हुने गरेको छ । हालै मात्र प्रहरीमा रिक्त रहेको एआइजी बढुवासमेतमा आर्थिक लेनदेन भएको आरोप प्रहरीका उच्चतहमा आशिन व्यक्तिहरूले नै लगाएका छन् । एमाओवादीका अध्यक्षले त एआइजी बढुवाका सम्बन्धमा उच्चस्तरीय छानविन समिति गठन गरेर छानविन गरी सत्यतथ्य बाहिर ल्याउन माग समेत गरिसकेका हुनाले पनि कोइराला नेतृत्वको सरकार आलोचनाको पात्र बनेको हो । प्रहरीकै उच्चतहमा बसेका व्यक्तिहरूले आर्थिक चलखेल भएको बताएका हुनाले अब प्रधानमन्त्रीले कुनै विलम्ब नगरी एक उच्चस्तरी छानविन समिति गठन गरेर सत्यतथ्य बाहिर ल्याउनु नै स्वयम् कोइरालाकै हितमा हुन्छ । प्रहरी संगठनलाई जो गृहमन्त्री भए उसैले आफ्नो स्वार्थ अनुरुप संचालन गर्न खोज्ने प्रवृत्ति कुनै नौलो होइन । जब जब बामदेव गौतम गृहमन्त्री बन्छन् तब प्रहरी संगठनमा एक प्रकारको भुइँचालो नै जान्छ । पहिला पनि यिनै गौतमले प्रहरी महानिरीक्षकलाई राष्ट्रिय अनुसन्धान विभागमा सरुवा गरेर अर्को व्यक्तिलाई महानिरीक्षक बनाएका थिए । अहिले पनि बरिष्ठताक्रमलाई मिचेर एआइजीमा बढुवाको लागि सिफारिस गरिएकोमा प्रहरी संगठनभित्रै हल्ली खल्ली मच्चिएको मात्र होइन, आर्थिक चलखेल भएको उद्घोष समेत हुनुले प्रहरी संगठन विस्तारै ध्वस्त हुने सम्भावना बढेको छ । शान्ति-सुरक्षाका लागि दिनरात खटिने प्रहरी संगठनभित्र राजनीति घुसाएर राम्रा मान्छे होइन हाम्रा मान्छे छान्न थालिएको खण्डमा त्यस्तो प्रहरी संगठनले जनताको सुरक्षा किमार्थ गर्न सक्दैन । आखिरी किन बामदेव गृहमन्त्री भएको बेलामा मात्र प्रहरी संगठनभित्र भुइँचालो जान्छ ? के त्यहाँ आर्थिक चलखेल र लेनदेनकै कारण त्यस्तो भएको हो त ? त्यो अब खोजीको विषय बन्न सक्नु पर्दछ र बन्नु पर्दछ ।

कोइराला सरकार गठन भएको झन्डै चार महिना पुग्न लाग्दासमेत मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । प्रधानमन्त्रीले संविधान निर्माणमा सहयोग पुर्‍याउने बेला उनी मन्त्रिविहीन मन्त्रालयको काममा व्यस्त रहेका छन् । दलीय भागवण्डा नमिलेकै कारण विभिन्न देशमा लामो समयदेखि राजदूत नियुक्त गर्न सरकार असक्षम साबित भएको छ । संवैधानिक निकायहरूले समेत पूर्णता पाउन सकेका छैनन् । राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारीविहीन अवस्थामा राखिएको छ । सत्ताधारी दलकै नेताहरूले सरकारको विरोध गरिरहेका छन् । मन्त्रीहरूले आफूखुसी काम गरेर कोइरालालाई असक्षम भएको देखाउन थालेका भए पनि प्रधानमन्त्रीको त्यसतर्फ ध्यान जान सकेको देखिएको छैन । यी सबै कारणहरूले गर्दा न त माघ ८ गतेभित्रमा संविधान जारी हुनसक्छ न त कोइराला नेतृत्वको सरकार नै सक्षम हुनसक्छ ? संविधान निर्माण गर्ने जिम्मेवारी पाएका सभासद्हरू विदेश भ्रमणमै व्यस्त रहेका छन् । संविधानसभाका महत्वपूर्ण वैठकहरूमा सरकारको उपस्थिति प्रायः शून्य रहने गरेको र नगन्य मात्रामा सभासद्हरू उपस्थित रहने गरेकोले सभाध्यक्षले सभासदहरूलाई संविधान निर्माण नभएसम्म विदेश भ्रमणमा नजान आग्रह गरे पनि उनीहरूलाई रातो पासपोर्ट बनाउन सभाध्यक्षले नै सिफारिस गर्ने गरेका हुनाले सभाध्यक्षसमेत संविधान निर्माणमा सक्रिय भएको देख्न छोडिएको छ । पछिल्लो समयमा भ्रष्टाचार अझ बढेको छ । भ्रष्टाचारलाई नियन्त्रण गर्न बनेको संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलेसमेत पूर्णता पाएको छैन । जताततै भ्रष्टाचारले जरा गाडेको अवस्थामा मन्त्रीहरूले नै नीतिगत निर्णय गर्दै भ्रष्टाचारमा डुबेका हुनाले अब अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अझ सक्रिय पारेर नीतिगत निर्णयमा हुने भ्रष्टाचार रोक्न सकेको खण्डमा मात्र मुलुकले निकास पाउन सक्छ । ४२ करोडको सामान खरिद गर्दा २८ करोड भ्रष्टाचार हुने मुलुकमा कसरी भ्रष्टाचार नियन्त्रण होला त ? यो अहिले चर्चाको विषय रहको छ ।

devendrachudal@gmail.com

# एमाओवादी अब विघटन हुन्छ त



राजन कार्की

दुर्भाव बोकेका व्यक्तिलाई जतिसुकै अनुकूलता पाए पनि त्यसमा साधुत्वभाव पलाउँदैन । जतिसुकै घ्यू, दूधमा डुबाए पनि निमको बोट गुलियो हुँदैन । यो कौटिल्यको कथन हो । यस्तै तीतोपन प्रचण्ड र उनको नेतृत्वको माओवादीमा देखियो । प्रचण्डले १७ हजारको हत्या हुनेगरी जनयुद्ध हाँके, शान्ति प्रक्रियामा आउनासाथ जनताले माफी दिए । उनी पहिलो संविधानसभाको निर्वाचनमा सहभागी हुँदा जनताले पहिलो दल बनाइदिए । आतंककारीको बिल्लादार प्रचण्ड चुनाव जितेर देशको सर्वशक्तिमान प्रधानमन्त्री बन्न सफल भए जनमतबाट उठेका प्रचण्डलाई हल्लाउने ताकत कसैसँग थिएन । तर उनीभित्र सर्वशक्तिमान हिट्लर बन्ने आकांक्षा जागरूक भइदियो, सेनाभित्र माओवाद रोप्ने महत्वाकांक्षाका कारण उनले प्रधानसेनापति आफ्ना अघोषित कार्यकर्तालाई बनाउन खोज्दा नैतिक संकटमा फस्न पुगे र पदबाट राजीनामा दिनुपर्‍यो । कसैले प्रधानमन्त्री प्रचण्डको राजीनामा मागेको थिएन । प्रचण्डभित्र 'मै हुँ पहलमान' भन्ने अहंकार थियो र उनले जोशमा होस नगरी पदबाट राजीनामा दिनपुगे । शिखरमा पुगेको प्रचण्डको त्यसपछि सुरू भएको बेशीयात्रा ०७० साल मंसिर ४ को दोस्रो संविधानसभाको निर्वाचन परिणाम आउँदा उनी सतहमा पछारिन पुगिसकेका थिए ।

अति भएपछि खति हुन्छ भन्ने उखान छ । एमाओवादीका अध्यक्ष प्रचण्ड अतिवाद त्यागेर लोकवादमा अवतरण गरिसक्दा पनि उनको व्यवहारबाट अतिवादको अन्त्य हुन नसक्नु उनकै लागि आत्मपीडक बन्नपुग्यो । प्रचण्डको अहंकारयुक्त ओह्वालोयात्राले एमाओवादी पार्टी टुक्रियो, बाबुरामजस्ता उनका सहयात्री बिद्रोही बन्नपुगेका छन् र वर्तमान अवस्थामा सशक्त एमाओवादी पार्टी अवसानको चिहानतिर अग्रसर भएको छ । विराटनगरमा आयोजित राष्ट्रिय सम्मेलनबाट शक्तिशाली बन्ने प्रचण्डको रणनीतिलाई डा.बाबुराम पक्षधरले बहिष्कार गरेर तुहाइदिए । त्यसपछिका चुनावी नौटंकीहरुबाट पनि प्रचण्डको व्यक्तित्व र पार्टीभित्रको लोकतान्त्रिकरणको क्षयीकरणमात्र हुनपुग्यो । प्रचण्ड झन झन कमजोर बन्दै गएको सबैले खुलस्त देख्न पाएका छन् ।

चीनका माओविचारलाई बोकेको नेकपा माओवादी कहाँ थिएन । समाचारको शीर्ष स्थानमा थिए प्रचण्ड । विश्वको चर्चित प्रसङ्ग थियो नेपालको माओवादी जनयुद्ध । नरसंहारकारी जनयुद्ध रोकिनुपर्छ भन्ने धारणा राष्ट्रसंघले जारी गरेको थियो । विश्वशक्ति अमेरिकाले लोकतान्त्रिकरण हुन प्रचण्डलाई उत्साहित पारेकै हो । तर, प्रचण्डले लोकतान्त्रिकरण भनेको प्रचण्डकरण हो भन्ने प्रमाणित गर्ने कसरतमात्र गरिरहे । आफूपछि चुनाव हारेका एमाले नेता माधवकुमार नेपाल र त्यसपछि अध्यक्ष झलनाथ खनाललाई प्रधानमन्त्री बनाउने काम प्रचण्डकै योजना हो । भारतसँग सम्बन्ध सुधार गरेर हुन्छ कि भनेर प्रचण्डले बाबुराम भट्टराईलाई पनि प्रधानमन्त्री बन्न निर्णायक खेल खेले । संविधानसभाको बिघटन भइसकेपछि चुनावी सरकारको नेतृत्व सुशील कोइरालालाई दिन खोजेका प्रचण्डले ऐन मौकामा हुन्न भनेर कांग्रेसलाई बिच्काए । हेटौंडा महाधिवेशनबाटै प्रधानन्यायाधीश खिलराज रेग्मीको सरकार गठन गर्ने प्रस्ताव पारित गराएर प्रचण्डले 'प्रचण्ड भनेको एमाओवादी, एमाओवादी भनेको प्रचण्ड' भन्ने मात्र देखाएनन्, प्रचण्ड नेपाली राजनीतिको किङमेकर, किङपिन हो भन्ने अहंकार पनि प्रदर्शन गर्नपुगे । यो तमासा लोकतन्त्रका लागि सबैभन्दा क्रुर व्यङ्ग थियो तथापि कांग्रेस, एमालेले चुनाव हुन्छ भने ठिक छ भनेर मन कुडाएर स्वीकार गरे । यी सबै चक्रव्यूहको रचनापछि चुनावमा गएका प्रचण्डले अग्रगमनकारी लेखक, कलाकार, विद्वान, अधिकारकर्मीसम्मलाई चुनाव प्रचारको पोष्टर बनाए । प्रचण्डका खेताला विद्वानहरुले पनि कञ्जुसी नगरी भनिदिए- जता हेरे पनि प्रचण्डमात्रै देखिन्छन् । यौटा प्रचण्डको यत्रो रूप । हिमाल, पहाड, तराई जतातत्तै प्रचण्डै प्रचण्ड भनेर प्रचण्डलाई रूख चढाए । जनयुद्ध, पहिलो संविधानसभाको बिघटन, प्रचण्डपथको असफलता र प्रचण्डको अहंकारबाट आमनागरिक सन्तुष्ट थिएन । परिणाम प्रचण्ड राजधानीबाटै चुनाव हारे, तराईमा बल्लतल्ल उनले जिते । प्रचण्ड नेतृत्वको ठूलो पार्टी तेस्रो स्थानमा झर्‍यो । यसको अर्थ प्रचण्ड नेतृत्व फेल भयो, अवधारणाविहीन प्रचण्ड फेल भए । प्रचण्डले जनताको आकांक्षालाई राजनीतिक मूलमार्ग बनाउनबाट चुकेको देखियो ।

यसपछि सुरु भयो- एमाओवादी पार्टीको नेतृत्व परिवर्तन हुनुपर्छ भन्ने अभियान । यो अभियानको नेतृत्व गरे उपाध्यक्ष डा.बाबुराम भट्टराईले । बाबुरामलाई किनारा लगाउन प्रचण्डले राष्ट्रिय भेला डाके, बाबुरामले यही भेलालाई विशेष अधिवेशन बनाउनुपर्छ भने । नेतत्व चाहनेले पार्टी छाडेर गए हुन्छ भनेर प्रचण्ड कुर्लिएपछि बाबुरामले भेला बहिष्कार गरेर हिडे । प्रचण्डले आफू कमजोर भएछु भन्ने बोध गरेर नयाँ पार्टी खोलेर जनयुद्धको जगमा जनविद्रोहको व्यूहरचना गर्न थालेका मोहन बैद्यका सामु पुगेर प्रचण्डले पार्टी एकीकरण गरौं, म नेतृत्व तपाईलाई दिन तैयार छु भन्न बाध्य हुनुपर्‍यो । यहाँ पनि प्रचण्डलाई धक्का नै लाग्यो । बैद्यले भावुकताले एकीकरण हुँदैन, हाम्रो कार्यनीतिमा आउने हो ? भनेर सोधेपछि प्रचण्ड ब्याक भए र बाबुरामलाई मनाउनतिर लागे । केन्द्रीय समिति, पोलिटव्यूरोको चुनावी नाटक सुरु गर्न प्रचण्ड बाध्य भए । बाबुरामसमूहले चुनाव बहिष्कार गर्‍यो तर प्रचण्डले पहिले नै सहमति गरेर गराएको चुनावी नाटकबाट बाबुराम पक्षलाई पनि चुनाव जिताए । प्रतिस्पर्धामै नभएको व्यक्ति कसरी चुनाव जित्छ ? यो नाटक लोकतान्त्रिक हुँ भन्ने एमाओवादीभित्रमात्र सम्भव छ । किनभने एमाओवादीभित्र प्रचण्डको सर्वसत्तावाद छ र प्रचण्डले जे भन्छन्, त्यही निर्णय हुन्छ । उत्तर कोरियाको झल्को एमाओवादीभित्र देखिन्छ । यो घटनालाई स्वयं बहिष्कारवादी डा.बाबुराम भट्टराईको ट्वीट प्रतिक्रिया यस्तो छ- 'एमाओवादीभित्रको निर्वाचन प्रक्रिया एउटा नौटंकीमात्र हो, यो भारदारी लोकतन्त्र हो ।' स्मरणीय छ, अध्यक्ष प्रचण्डको निर्देशनमा एमाओवादी पार्टीले गाउँफर्के शैलीमा डा.बाबुराम भट्टराईलाई पार्टीको टिके बरिष्ठ नेताको तक्मा दिने घोषणा गरिसकेको छ ।

यी सबै परिदृश्यको विश्लेषण गर्दा एमाओवादी पार्टी बिघटनको संघारमा उभिएको छ, अस्तित्वको संकटमा परेको छ । संविधान निर्माणको मुद्दामा कमजोर हुनपुगेको एमाओवादी आफू उभिने धरातल र पुग्ने गन्तव्यको अनिश्चिततामा रूमल्लिन पुगेको देखिन्छ । पेच खुस्किएको मेचजस्तै एमाओवादी जुनसुकै बेला ढल्न सक्ने खतरामा परेको छ । एमाओवादीले बुद्धि पुर्‍याएन र संगठनलाई पुनर्गठन गरेर युवाशक्तिको नेतृत्वमा पार्टीलाई पुनर्ताजकीकरण गर्न ढिला भयो भने एमाओवादीले आफ्नो सान्दर्भिकता गुमाएर महत्वहीन हुन पुग्नेछ । कांग्रेस, एमालेले खोचे थाप्ने एमाओवादीलाई प्रक्रियाम घिसारेर लोकतन्त्रको गरिमा स्थापित गर्न बाध्य हुनेछन् । विश्वमा कम्युनिष्ट सत्ताहरू ढल्दै जानु, चीनले खुलापनलाई अझ बिस्तार गर्नु, भारतमा ऐतिहासिक जितका साथ भाजपा सत्तामा आउनुजस्ता कारणले पनि नेपालमा वामतन्त्र कुनै पनि हालतमा निर्णायक हुनसक्ने वातावरण देखिन्न । हिजोको दिनमा भारतमा भाकपाको जुन बर्चस्व थियो, आज भाकपा भाजपाको गरूडे छायाँमा परिसकेको यथार्थलाई नेपालका वामवादीले देखेको सत्य हो, यो सत्य भुल्नु गलत हुनेछ ।

बन्दुकबाट उदय भएको एमाओवादी एकमौका ब्यालेटबाटै पनि पाएकै हो । तर, त्यो मौका रावण खालको अहंको सिकार बन्नपुग्यो । आफ्नो संविधानसभाको एजेन्डालाई आफैले काखमा राखेर सेर्नु एमाओवादीका लागि आत्महत्यासरह हुनपुग्यो । गणतन्त्र, धर्मनिरपेक्षता, जातीय संघीयता, आत्मनिर्णयसहितको स्वायत्ततालाई अग्रगमन ठान्नु एमाओवादीका लागि कालिदास नियति बन्नपुग्यो । जनजीविका, लोकतन्त्रको जिवन्तता, युवापुस्तालाई गरिखाने वातावरणमा रूपान्तरण हुन नसक्नु एमाओवादीको सबैभन्दा ठूलो हार हुनपुग्यो, जसको कारण जनसमर्थनलाई प्राणवायु बनाउन एमाओवादी चुक्यो, चुक्दै गयो । बर्गसंघर्षलाई त्यागेर जाति संघर्ष अँगाल्नु, जनजातिलाई जातीय दङ्गामा उतार्नु, नैतिक आदर्श र प्रगतिशीलतामा भिन्नता छुट्याउन नसक्नुले पनि एमाओवादीभित्र अन्तरबिरोध चर्किंदै गएको छ । लोकवाद र जनवादको स्पष्ट रेखांकन गरेर अघि बढ्ने हो भने अझै पनि नेपालका कम्युनिष्टका लागि स्पेश छ । तर यसमा कम्युनिष्टहरूले कम्युन्यालिष्ट, क्रिश्चियनकरणबाट व्यक्तिगत लाभ लिने तुच्छ राजनीति त्याग्नैपर्छ । अन्यथा ७ वर्षमा एमाओवादीलाई जुन बुमेर्याङ् भोग्नुपर्‍यो, यो निरन्तरतामा ब्रेक लाग्ने देखिदैन ।

चार महिना हुन लागिसक्यो, मलेसियाको विमान बेपत्ता भएको । त्यति ठूलो जेट बिमान कहाँ हरायो, विश्वजगत चकित छ । एउटा आतंककारी पाकिस्तानको कुन घरमा लुकेको छ भनेर पत्ता लगाउने प्रविधि, चालकरहित ड्रोनले भनेको ठाउँमा वम बिध्वंश गराउन सक्ने प्रविधि मलेसियन एयरको जेट (एमएच ३७०) खोज्न असफल भयो । त्यही विमानजस्तै बतासिएको छ एमाओवादी । जनयुद्धकाल र लोकतन्त्रमा अवतरण गरेपछिका ७ वर्ष कालखण्डमा एमाओवादी जंगलदेखि सत्तासम्मको, सत्तादेखि सडकसम्मको संघर्ष, सुख र सन्ताप व्यहोर्ने पार्टी बनेको छ । यी सबै घटनाक्रमले प्रचण्डको २२ वर्ष लामो नेतृत्वलाई प्रश्नचिन्हमा उभ्याएको छ । प्रचण्डले आफूभित्रको, आफूले पार्टीभित्र रोपेको गलत प्रवृत्तिलाई नसुधार्ने र नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरेर पार्टीलाई जिवन्त पार्टी बनाउने प्रयत्न नगर्ने हो भने भन्न सकिन्न, अर्को निर्वाचन आउन्जेल कम्युनिष्टको यो माउ घटक राप्रपा नेपालभन्दा पनि तल, मधेसवादीको टुकडीभन्दा पनि कमजोर, मालेको पंक्तिमा नदेखिएला भन्न सकिन्न ।

राजनीतिक सत्ता बन्दुकको नालबाट निस्कन्छ भन्ने माओ बोकेका र ठूला परिवर्तन हिसाबाट हुन्छ भन्ने मान्यता राख्ने प्रचण्डलाई आदरका साथ एकथान सुझाव दिनु उपयुक्त हुनेछ । आदरणीय प्रचण्डजी, बन्दुकको धडधडे नारायणी नदीको पानीले धोएर (दिल्ली स्नान गरेर होइन) घरि घरि बन्दुक उठाउने धम्की होइन, शान्तिका लागि मेरो जीवन समर्पण छ भन्ने साहस गरे अमर हुने मार्ग अझै खुला छ । चक्रवर्ती राजा अशोकसँग के थिएन र लुम्बिनी आएर बुद्धको शरणमा परे होलान्, यति विचार गरेर मन परिवर्तन गर्नोस्, प्रचण्डजी लोकले तपाईको जयजयकार गर्नेछन् । भाङ्न सजिलो छ भन्ने पहिलो संविधानसभाको अन्तिम दिनमा तपाईले खेलेको खलभूमिका दोस्रो संविधानसभामा नदेखियोस् । प्रचण्डमा शान्ति र संविधानको निर्णायक भूमिका देख्न पाइयोस् । जनताको जय गर्ने भावना जार्गत भएको हेर्न पाइएला ?

## गुप्तचरका प्रमुख बिदामा

काठमाडौं । राष्ट्रिय अनुसन्धान विभागका प्रमुख मोती गुरुङ बिहीबारदेखि बिदामा बस्ने भएका छन् । अवकाश हुन एक महिना बाँकी भएकाले सुरक्षा निकायको प्रचलनअनुसार उनी बिदामा बस्न लागेका हुन् ।

बिदाका लागि गुरूङले बुधबार गृह मन्त्रालयमा निवेदन दिएका छन् । स्वीकृत भने भइसकेको छैन । बिहीबार बिदा स्वीकृत गरी विभागमा निमित्त तोक्ने गृहको तयारी छ । गुरूङको अवकाशपछि एआइजी जितबहादुर केसीले विभागको नेतृत्व सम्हाल्नेछन् । आगामी २१ असारदेखि गुरूङ ३० वर्षे सेवाहदका कारण अवकाश हुन लागेका हुन् ।

विभागका अन्य अधिकारीभन्दा केसी एआइजीमा दुई वर्ष सिनियर भएकाले प्रमुखका लागि उनी एक्ला दाबेदार बनेका छन् । रिक्त पदमा बढुवाको प्रक्रिया अघि बढाइने गृहसचिव सूर्य सिलवालले बताए ।

## १५ औं राष्ट्रिय सरसफाई सप्ताह सुरु

वीरगंज । 'स्वास्थय प्रतिष्ठा र विकासको लागि सरसफाई, पर्सा जिल्लाको अभिबारा, खुल्ला दिसामुक्त गरौ गाउँ सहर सारा, सन २०१७ सम्म सबैलाई सरसफाईको आधारभुत सुविधा पुर्‍याउने राष्ट्रिय अभियान सफा गाउँ सफा शहर सबै नेपालीको एउटै रहर' विश्व वातावरण तथा १५ औं राष्ट्रिय सरसफाई सप्ताह वीरगंजको पावरहाउस चौक बाट जिल्ला प्रशासन कार्यालयका प्रमुख कैलाश कुमार बजिमयको अध्यक्षतामा ऱ्याली निकालियो ।




सो ऱ्यालीमा खानेपानी सरसफाई डिभिजनका प्रमुख जक्की खान,रेडक्रस कार्यालयका प्रमुख, जिल्ला विकास समितिका प्रमुख दिलिप चूपागाई, वीरगंज उपमहानगरपालिका प्रमुख तारा बहादुर कार्की, सेनाका जवान, जिल्ला प्रहरी कार्यालयका एस.पी. धिरज प्रताप सिंह,विभिन्न कार्यालयका कर्मचारी, सशस्त्रका जवान, मिस टिनमा भागलिएका बालिकाहरू, सामुदायिक प्रहरीका महिलाहरूले बाटोमा झाडु लगाई सरसफाई समेत गरेका थिए । सो ऱ्याली पावरहाउसबाट मुर्लीचौक हुदै घण्टाघरमा आई सम्पन्न भएको थियो ।

घण्टाघरमा आएका सबैजनाले त्यहाँ राखिएका पानीका भाडाबाट साबुन पानीले हात सफा गरे । विश्व वातावरण दिवस कार्यक्रममा स्कुलका बिधार्थीहरूलाई चित्रकला, निबन्ध प्रतियोगिता समेत गरिने जानकारी गराएको छ । सो दिवस जेष्ठ २२ गते देखि २८ गते सम्म मनाईने छ । *-कुसुमलाल श्रेष्ठ*

## द्वन्द्वपीडितद्वारा रिट दायर

काठमाडौं । सत्यनिरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी ऐनका केही प्रावधान बदर गर्न माग गर्दै सर्वोच्चमा रिट दायर भएको छ ।

ऐनका केही प्रावधान सर्वोच्च अदालतको पूर्वआदेश तथा अन्तर्राष्ट्रिय कानुन र मापदण्डविपरीत भएको भन्दै द्वन्द्वपीडितहरूले संयुक्त रूपमा रिट दायर गरेका हुन् । दुई सयभन्दा बढी द्वन्द्वपीडितले पीडितको सहमतिविनै आममाफीसम्म दिने गरी बन्न लागेको आयोग अस्वीकार्य हुने भन्दै मंगलबार रिट दायर गरेका हुन् ।

रिटमा ऐनको दफा १३, २२, २४, २५, २६ र २९ का प्रावधान बदर गर्न माग गरिएको छ ।

ती दफा अन्तरिम संविधानसंग बाझिएको निवेदकको जिकिर छ । यस्तै आममाफीलगायतका प्रावधान अन्तर्राष्ट्रिय कानुन र मानवअधिकारको सिद्धान्तविपरीत भएको निवेदकको जिकिर छ ।

# Narendra Modi Win in Regional Perspective

Former tea seller, 63 years old extremist Hindu Narendra Modi sworn in as 15th Indian Prime Minister in spectacular ceremony at New Dehli. Pakistani Prime Minister Nawaz Sharif heads of SAARC states, Indian elite and Bollywood film stars among 4,000 guests at ceremony in Delhi.

He won overwhelming victory in India's general election 2014. His conservative Bharatiya Janata Party(BJP) won 282 of the 543 but due to existing allies BJP led coalition likely to occupy 340 seats in India's lower house . No party has won by such a margin since 1984. The young voter made difference and 66% voters ca sted their votes in General Elections. Until a few years ago nobody can believe that the little-known chief minister of the western state of Gujarat would be future Indian Prime Minister and his economic and cultural reform in Gujrat would harmonize the voters.

In fact, rising corruption graph, nepotism, increasing unemployment, poor governance, widening gap between rulers and masses, anti Pakistan approach and extremism behaviour towards Muslims were major factors which have been exploited by BJP against Congress. The Congress Party led by Ghandi family has governed India for 18 years out of the past 67 years, scored only 44 seats, whereas Aaam Admi Party won only four seats of the parliament. According to the political experts the landslide victory was unaccepted and the results were historic. In this connection Anil Padmanabhan wrote in local newspaper "Mint", "it is evident that the Indian voter has delivered an epochal verdict,".

Anyhow, besides abiding by election promises like; uprooting corruption, bringing revolution in country's economy and creating job for the unemployed youth, Mr. Modi would be facing number of challenges on national and international fronts.

On domestic front, he has to wipe of his forehead, which has the label of extremists Hindu. He should know that Indian Muslims are around 14% of the population. They are very well aware of the facts when Narendra openly supported extremists Hindus on the issue of Babri Mosque and resultantly 2000 innocent people were killed and many injured. The extremists Hindus just after Modi's victory have started demanding that "Fajar Azan" should be banned all over India. It means that days are not far away when Muslims either migrate or will go for separate Muslim state. It also reflects that extremist Hindue has the desire to convert India as pure Hindu state.

Controlling 123 independent movements would be another major concern since Indian security forces are terribly fighting against Maoists, Tamils, Sikhs and Kashmiri liberators. In this regard, he has to carry out negotiations with the nationalists for resolving the issues.

He has to exercise command and control over the outspoken Army Chief who was appointed by Congress Party against BJP desire. Conspicuous differences have been noticed between Indian Army and RAW during Manmohan Singh regime when Lt Col Prohit charged for exploding Samjota Express.

Talking about international front, relations with neighbouring China, Pakistan, Bangladesh, Nepal and Sri Lank are not very much cordial. Kashmir Problem, water and border issues, Siachen Conflict, Pancheshwar Multi-Purpose Project (PMP), supporting LTTE, BLA, BNA and terrorism are main issues which have to be resolved by newly elected BJP. The other major issue for Modi would be to contest for permanent seat in UN Security Council in the presence of Pakistan and China. For this India needs to improve upon his credibility with regards to security of nuclear plants. In this account more than 52 Uranium theft cases have been registered in the local police stations, stopping human rights violation against minorities and relations with its neghbouring countries. Notably, the U.S. administration denied Modi a visa in 2005, but President Barack Obama has now invited him to the White House.

Mr. Nawaz Shrif accepting Indian invitation of attending swearing in Ceremony and carrying out bilateral talks on next day. At this occasion as a goodwill gesture Pakistan and Sri Lanka released dozens of Indian fishermen jailed for straying into their territorial waters. On the other hand, Israeli fan newly appointed Foreign Minister Sushma Swarajthe just after taking over the office proved her traditional rivalry while targeting Pakistan. I think she should have shown maturity and display good gesture like Pakistan. "It was conveyed that Pakistan must abide by its commitment to prevent its territory and territory under its control from being used for terrorism against India," Foreign Secretary Sujatha Singh told a news conference.

China, US and other regional states have well received this meeting between Prime Ministers of two old nuclear rivals but unfortunately, However, PM Modi did not move an inch back from the old Indian stance over Kashmir and other issues. It would have been better that Modi instead yelling and lingering on with the old issues of Mumbai should have taken step forward to improve upon the issues particularly with Pakistan. In fact, both Pakistani and Indian ruling elite now have enough public mandates and has an opportunity to get away with the conflicting regional politics and come forward to resolve the issues for the betterment of their respective public.

With regards to global war on terror, New Delhi has been entrusted Afghanistan building role by UN but, she started using Afghan territory for fomenting terrorism in Pakistan while taking the advantage of investing funds. In this context, the dossier covering proofs of Indian interference in Balochistan were handed over to Former Prime Minister of India Dr. Manmohan Singh by then Prime Minister of Pakistan Syed Yusuf Raza Gilani in July, 2009 at Sharm El Sheikh.

India has established 14 intelligence detachments along western border of Pakistan. Will India continue with the policy of bleeding Pakistan through terrorism when 32000 US troops leave Afghanistan at the end of 2014? It would be a million dollars' concern for Modi's government. It is notable that as per US Exit Strategy, Washington in the next two years might be leaving behind around 9000 soldiers in Afghanistan. If Taliban come into power, then probably India has to restrict her role in building Afghanistan.

Increasing Chinese influence in regional context always remained a concern for Delhi government. She has border dispute and fought war in 1962 which resultant to Indian defeat. Since then, these border disputes never resolved. China's frustration at India's harboring of the Dalai Lama has further tensed the relationship between two countries. India also alleged China for string of bases, ports and airfields to encircle India in South Asia or India's oil and gas exploration in the South China Sea. Whereas the real situation is contrary to it since India and US have executed a joint venture, i.e. "Containing China". Several talks have been held to improve the relationship in last 15 years but ended up with "Status quo" between two countries.

New Delhi is very much allergic from Chinese, policy of having close ties with other regional countries. She considers that Chinese moves in South Asia are compromising her strategic interest of leading Asia. "China has built a port in Sri Lanka and is involved in upgrading another in Bangladesh, besides military and civil assistance to long-time ally Pakistan, thus heightening Delhi's anxieties of being boxed in. Thus, it is evident from the discussion that India has to forget the policy of replacing China from Asian leadership, if she really needs better relationship with Beijing.

Indo-Bangladesh relationship might not be enjoying that level of confidence as it was during Congress regime. PM Hasina Wajid will now likely to raise voice over Farraka Dam, Teesa River and border dispute. Therefore, very tricky era of Indo-Bangladesh relationship would be starting during BJP rule.

In short, Modi government should show seriousness in resolving regional and local issues as promised in the election. He must know that India has its frontiers with two nuclear states and any misadventure can lead her to disaster. India has to forego the policy of "Main na Manoo".

Kashmir being flash point between two nuclear states need to be addressed immediately and given top priority in all future agenda. Kashmir will never accept any solution shorten than UN resolutions 1948 and 1951.

**By:** ***Hassan***

## सिठी नखःमा सहरभर सरसफाइ

काठमाडौं । विश्व वातावरण दिवस र नेवार समुदायको पर्व सिठी नखःका अवसरमा उपत्यकाका विभिन्न स्थानमा सरसफाइ गरिएका छन् । काठमाडौं महानगरपालिकाका सबै ३५ वडा, ललितपुर र भक्तपुर नगरपालिका क्षेत्रमा पनि सरसफाइ गरिएको सहरी विकास मन्त्रालयले जनाएको छ । कामनपा २९ वडा ठमेलमा भएको सरसफाइ कार्यक्रममा मुख्यसचिव लीलामणि पौडेल सहभागी भएका थिए । त्यसअवसरमा पौडेलले स्थानीयवासीको सहभागितामा नदीकिनारा तथा पानीको मुहान सफा राख्ने सांस्कृतिक पर्व (सिठी नखः)को संरक्षण गर्नुपर्नेमा जोड दिएका थिए । महानगरपालिकाका कार्यकारी अधिकृत धनबहादुर श्रेष्ठले प्राचीन समयदेखि नै सिठी नखःका दिन पानीको विभिन्न स्रोतको सफा गर्ने प्रचलन रहेको भए पनि सो संस्कृति अहिले लोप हुन लागेकाले त्यसको संरक्षणका लागि महानगरका सम्पूर्ण वडामा बुधबार सरसफाइ अभियान चलाइएको बताए ।

सिठी नखःकै अवसरमा भक्तपुरका विभिन्न स्थानमा रहेका पानीका स्रोतको पनि सरसफाइ गरिएको जनाइएको छ । विश्व वातावरण दिवसको अवसरमा सानेपा क्लबले पनि बुधबार सरसफाइ कार्यक्रमको आयोजना गर्‍यो । सो अवसरमा करिब पाँच किलोमिटर क्षेत्रको सरसफाइ गरिएको क्लबले जनाएको छ ।

'खुला दिसामुक्त गर्दै अघि बढ्यो नेपाल, सफा सुन्दर गाउँ सहर तराई पहाड हिमाल' भन्ने नाराका साथ आज २२ जेठदेखि २८ गतेसम्म १५औँ राष्ट्रिय सरसफाइ सप्ताह मनाइँदै छ ।

*- पुजा सिलवाल (प्रशिक्षार्थी)*

## अभिभावक संघको नयाँ कार्यसमिति

काठमाडौं/ नेपाल राष्ट्रिय अभिभावक संघको पाँचौं राष्ट्रिय अधिवेशनले ४९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

महाधिवेशनबाट अध्यक्षमा धर्मदत्त देवकोटा र वरिष्ठ उपाध्यक्ष्ँमा यादवप्रसाद शर्मा चुनिएका छन् । त्यस्तै, महिला उपाध्यक्षमा बिना बाँस्तोला, मध्यपश्चिम उपाध्यक्षमा चक्रबहादुर बुढा, पश्चिामाञ्चल उपाध्यक्षमा कृष्ण धिताल, मध्यमाञ्चल उपाध्यक्षमा कोषबहादुर जिसी, पूर्वाञ्चल उपाध्यक्ष्ँमा सुन्दरबाबु श्रेष्ठ र महासचिवमा रामप्रसाद न्यौपाने छानिए । उपमहासचिवमा गुणराज गौतम, सचिवमा नवराज काफ्ले, महिला सचिवमा गंगा पराजुली, कोषाध्यक्ष्ँमा सविता खतिवडा र सहकोषाध्यक्षमा ठक्कर शर्मालगायतको ४९ सदस्यीय नयाँ केन्द्रीय कार्यसमिति चयन भएको छ ।

सोमबार नेपाल राष्ट्रिय अभिभावक संघले पाँचौं राष्ट्रिय महाधिवेशनबाट नयाँ नेतृत्व चयन र आफ्ना माग सार्वजनिकबारे पत्रकार सम्मेलन गर्दै शिक्षा क्षेत्रमा हुने अनुचित राजनीतीकरण बन्द गरी स्वच्छ र शान्त शैक्षिक वातावरण कायम गर्नुपर्नेलगायत माग अघि सारेको छ । *- ब्रम्हदास परियार (प्रशिक्षार्थी)*

## मेडिकल माइक्रोबायोलोजीका विद्यार्थी आन्दोलित

काठमाडौं । नेपाल स्वास्थ्य व्यवसायी परिषद्सँग विभिन्न माग राख्दै नेपाल मेडिकल माइक्रोबायोलोजी स्टुडेन्ड एसोसिएसनले आन्दोलन सुरू गरेको छ । एसोसिएनसले परिषद्मा तालाबन्दी पनि गरेको छ । एसोसिएसनका संयोजक पदम शर्माका अनुसार चार दिनअघि मागपत्र बुझाए पनि परिषद्ले वार्तामा समेत नबोलाएपछि ताला लगाइएको हो । संयोजक शर्माले आफ्ना माग पूरा नगरेमा आन्दोलनलाई सशक्त बनाउँदै लैजाने बताए ।

एसोसिएसनले मेडिकल कलेजमा माइक्रोबायोलोजी विषय पढाउन चाहिने योग्यतामध्ये स्नातक तहमा मेडिकल माइक्रोबायोलोजी अनिवार्य हुनुपर्ने प्रावधान परिवर्तन गरी बिएस्सी माइक्रोबायोलोजीमा स्नातक तह उत्तीर्ण गरेकाले पनि पढाउन पाउनुपर्ने माग राखेको छ ।

यस्तै, एमएस्सी मेडिकल माइक्रोबायोलोजी उत्तीर्ण गर्ने जनशक्तिलाई विगतमा जारी गरेजस्तै अस्थायी तथा स्थायी नामदर्ता प्रमाणपत्र तुरून्त जारी गर्नुपर्ने, त्रिविअन्तर्गतका क्याम्पसबाट एमएस्सी मेडिकल माइक्रोबायोलोजी उत्तीर्ण गरेकालाई तुरून्त विनाअवरोध परिषद्मा दर्ता एवं प्रमाणपत्र वितरण गर्नुपर्नेलगायत पाँचबुँदे माग विद्यार्थीले राखेका छन् । एसोसिएसनले परिषद्का अध्यक्षले अनियमितता गरेको भन्दै छानबिनको माग पनि गरेको छ ।

# दशौं महाधिवेशनभित्रै दोस्रो पुस्तालाई नेतृत्व

*माधवकुमार नेपाल*

कतिपयले पहिलो पुस्ताका नेताहरूका महत्वाकांक्षाहरूको व्यवस्थापन गर्नु नै नवौं महाधिवेशनको एजेन्डा हो भन्ने हिसाबले प्रचार गरिरहेका छन् र यो या त्यो नेताविरुद्ध आमकार्यकर्तालाई विभाजित गर्ने प्रयास गरेका छन् । देशका विभिन्न भागमा गरिएका केही भेलामा पार्टीका भावी नेताहरूको क्रमानुसार नामावली घोषणा गरिएको छ । समाज र राजनीतिलाई यस्थास्थितिवादी कोणबाट हेर्दा नवौं महाधिवेशनको काम नेताको निर्वाचन गर्नु मात्रै हो । तर, मार्क्सवादी तथा जनताको बहुदलीय जनवादी आँखाले हेर्दा हाम्रो समाज र राजनीतिमा आएको ऐतिहासिक रूपले महत्वपूर्ण परिवर्तन र तिनको विकासलाई बुझ्नु पर्नेछ । जननेता कमरेड मदन भण्डारीको अगुवाइमा स्थापित भएको जनताको बहुदलीय जनवादलाई परिवर्तित परिस्थितिअनुरूप अझ विकसित र समृद्ध गर्नुपर्ने र पार्टीलाई अहिले हाम्रासामु देखापरेका चुनौतीको सामना गर्न र सम्भावनाहरूलाई प्राप्त गर्न सक्ने गरी पुनर्व्यवस्थित गर्नुपर्नेछ । एउटा कोणबाट हेर्दा पार्टीका अगाडि कुनै नयाँ सम्भावनाको ढोका खुलेका छैनन्, हामीले जे गर्दै छौं त्यो नै पर्याप्त छ । अर्को कोणबाट हेर्दा नेकपा एमाले छोटै समयमा कम्युनिस्ट आन्दोलनको केन्द्र बन्न सक्ने, राष्ट्रलाई एकताबद्ध पार्दै मुलुकको समृद्धिको नेता बन्न सक्ने र १५/२० वर्षभित्रै मुलुकलाई विकासको नयाँ उचाइमा पुऱ्याउन र समाजवादका आधार तयार पार्न सकिने स्पष्ट सम्भावना देखापरेका छन् । एउटा कोणबाट हेर्दा पार्टीसामु कुनै नयाँ चुनौती थपिएकै छैनन्, अर्को कोणबाट हेर्दा पार्टीमा व्यक्तिवादी गुटबन्दी संस्थागत बन्दै गएको छ, अराजनीतिक प्रवृत्तिहरू हुर्किंदै छन्, श्रमजीवी वर्गबाट पार्टी अलग-थलग हुन थालेको छ, जीवनशैली खर्चिलो बन्दै गएको छ र यसका लागि जेसुकै पनि गरेर सम्पत्ति आर्जन गर्ने प्रवृत्तिले टाउको उठाउन खोज्दै छ, पार्टीको काम भनेको संसदीय निर्वाचन मात्रै हो भन्ने मनोविज्ञान स्थापित हुँदै छ र त्यसका लागि समाजका बहिष्कृत आवारा-गुन्डाहरूको समेत प्रयोग हुने खतरा बढ्दै गएको छ । संक्षेपमा, पार्टीसामु गम्भीर चुनौती देखिएका छन् जसको सामना गर्नुपर्नेछ ।

नवौं महाधिवेशनका सन्दर्भमा हामीले नेपाली समाज र राजनीतिका विषयमा असाध्यै महत्वपूर्ण विषयमा बहस-छलफल गर्दै छौं । हामी अहिले नेपाली समाज र क्रान्तिको विकासको कुन अवस्थामा छौं भन्ने प्रश्ने यस बहसका मुख्य कुरा हुन् । पार्टीको स्थापनाकालदेखि हामीले नेपाली समाज 'अर्धसामन्ती-अर्धऔपनिवेशिक' भन्दै आएका हौं । तर, अहिले पार्टीमा नेपालीको विकासमा श्रमजीवीहरूका परिवर्तनका आधारमा समाजको चरित्रबारे नयाँ उचाइबाट छलफल गर्दै छौं । दोस्रो, हामीले ०६२/६३ को जनक्रान्तिद्वारा मुलुकको राजनीतिमा जुन परिवर्तन ल्याएका छौं त्यसको स्तर र चरित्रबारे छलफल गर्दै छौं । यसले हामी नेपाली क्रान्ति तथा राजनीतिक विकासको कुन अवस्थामा छौं भन्ने कुराको किटानी गर्नेछ । तेस्रो प्रश्न ०६२/६३ को ऐतिहासिक परिवर्तनपछि नेपाली क्रान्तिको दिशा के हो अथवा नेपाली क्रान्ति कसरी अगाडि बढ्छ भन्ने हो । ऐतिहासिक भौतिकवादका आधारमा यी प्रश्नको समाधान गर्दा हामीले जनताको बहुदलीय जनवादलाई अर्को नयाँ उचाइमा विकसित र समृद्ध गर्नेछौं ।

जमिनमा स्वामित्व भएकै कारणले शासन गर्ने अधिकार पनि स्थापित हुने सामाजिक-आर्थिक व्यवस्था सामन्तवाद हो । संसारका सबैजसो समाजभैं नेपाली समाजमा पनि दुई हजार वर्षसम्म त्यस्तो व्यवस्था कुनै न कुनै रूपमा रह्यो । तर, पुंजीवादको विकास र सामन्तवादविरोधी राजनीतिक संघर्षको क्रममा त्यो कमजोर हुँदै गयो । पुंजीवादको विकासले राजनीतिक संघर्षका लागि भौतिक अवस्था तयार हुँदै गयो भने राजनीतिक संघर्षले सामन्ती उत्पादन तथा राजनीतिक व्यवस्थालाई कमजोर पार्दै गयो । खासगरी २००७ सालपछि सामन्तवादको विघटन तीव्र हुँदै गयो । यसै क्रममा हामीले राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापित गरिसकेका छौं । अब नेपालमा सामन्ती आर्थिक र राजनीतिक व्यवस्था अन्त्य भइसकेको छ । सामन्तवादका अवशेषका विभिन्न रूप अझै पनि छन् । तिनीहरू लामो समयसम्म रहन सक्छन्, तर ती अवशेषले आजको नेपाली समाजको चरित्र निर्धारण गर्दैनन् । त्यसैले नेपाली समाज आधारभूत रूपले पुंजीवादी भइसकेको छ । यो तथ्यलाई हामीले बुझ्नुपर्छ ।

नेपाली समाज आधारभूत रूपले पुंजीवादी छ भन्नुको अर्थ अब हामी सोझै समाजवादी कार्यक्रमका लागि तयार छौं भन्ने होइन किनकि यो पुंजीवाद विकासको स्तरका हिसाबले प्रारम्भिक अवस्थामै छ । पुंजीको चरित्रका हिसाबले जुन मात्रामा दलाल वा नोकरशाही पुंजीको विकास भएको छ त्यसको तुलनामा उद्यमशील पुंजीको विकास भएको छैन । त्यसले गर्दा परम्परागत कृषिमा ठूलो श्रमशक्ति अल्झेको छ । जनसंख्याको ठूलो हिस्सा कृषिमा संलग्न हुनु तर राष्ट्रिय आयमा त्यसको योगदान सानो हुनुको कारण उद्यमशील पुंजीको न्यूनता नै हो । पुंजीको यस्तो चरित्रका कारणले हाम्रो पुंजीवादी विकासको चरित्र पराश्रयी छ । अर्थतन्त्रको पराश्रयी चरित्रले राजनीतिक पराश्रय र राजनीतिक पराश्रयले आर्थिक पराश्रयलाई बढाउँछन् । यसरी राष्ट्रको स्वतन्त्र निर्णय गर्ने क्षमता कमजोर हुँदै जान्छ, वैदेशिक हस्तक्षेप बढ्छ । आज हाम्रो राष्ट्रियताका समस्यालाई पनि यो अर्थराजनीतिक सन्दर्भमा विश्लेषण गर्नुपर्छ । अर्कोतर्फ, भौगोलिक हिसाबले हाम्रो पुंजीवादी विकास धेरैअगाडिदेखि असमान रूपमा भयो । असमान पुंजीवादी विकासका कारणले गर्दा देशका विभिन्न क्षेत्र र ती क्षेत्रमा बस्ने जनताबीच असमानता उत्पन्न भए । कुनै क्षेत्र तुलनात्मक रूपले केही विकसित र अरु क्षेत्र अविकसित भए । जसले गर्दा क्षेत्रीय र जातीय समस्या देखापरे । संक्षेपमा आज हामीमाथि भएका बाह्य थिचोमिचोका समस्या अर्थात् राष्ट्रियताका समस्या, मुलुकको गरिबी अर्थात् वर्गीय समस्या र जातीय तथा क्षेत्रीय समस्या अर्थात् पहिचानका समस्याहरू मूलतः एउटै अर्थराजनीतिक जरोबाट निस्केका रूखहरु हुन् । अर्थात् हाम्रा समस्याको मुख्य जरो राष्ट्रिय पुंजीको निर्माण नहुनु हो । त्यसैले आजको हाम्रो मुख्य कार्यभार राष्ट्रिय पुंजीको विकास गर्नु हो ।

अब नेपालका अगाडि दुईवटा बाटा छन् । एउटा बाटो पुंजीवादको स्वच्छन्द विकासको बाटो हो, जुन बाटोले नेपाली समाजलाई विश्व पुंजीवादको पुच्छर बनाउँछ । त्यसले नेपाललाई विश्व पुंजीवादी उत्पादनको बजार मात्रै बनाउँछ । दोस्रो राष्ट्रिय पुंजीको विकास गर्दै आर्थिक विकासमा श्रमजीवी वर्गको नेतृत्वलाई स्थापित गर्दै समाजवादतर्फ जाने बाटो हो । हाम्रो बाटो दोस्रो हो । अन्य बुर्जुवा पार्टीले पनि आर्थिक विकास र सुशासनको कुरा गर्न सक्छन्, तर उनीहरूको विकास र सुशासन दलाल पुंजीपति वर्गको हितमा आधारित हुनेछ जबकि हाम्रो विकास र सुशासन श्रमजीवी वर्ग र आमजनताको हितमा आधारित हुनेछ । त्यसको अर्थ स्पष्ट छ- राष्ट्रिय पुंजीको तीव्र विकास र न्यायपूर्ण वितरण नै समाजवादको आधार हो । यस क्रममा हामीले हाम्रो देशको गरिबी र पछौटेपनलाई अन्त्य गर्छौं, श्रमजीवी जनताको गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता समस्यालाई समाधान गर्छौं । योजनाबद्ध विकासको माध्यमबाट पछाडि पारिएका लिंग, जातजाति, क्षेत्रको विकास गर्छौं र जातजाति, भाषा, क्षेत्रको समाज विकासमा आधारित राष्ट्रिय एकतालाई सुदृढ पार्छौं र आत्मनिर्भर, स्वाधीन अर्थतन्त्रको जगमा राष्ट्रिय स्वतन्त्रता तथा स्वाधीनताको रक्षा र विकास गर्दै समाजवादको आधार तयार गर्छौं । अब हाम्रो विचार, सिद्धान्त, संगठन, आन्दोलन तथा जनपरिचालन, आचरण-व्यवहार यिनै दुईवटा कुरामा केन्द्रित हुनुपर्छ । अब हरेक नेता, कमिटी, सदस्य, जनसंगठन र तिनका सदस्यको मूल्यांकन राष्ट्रिय पुंजीको विकास, लोकप्रिय आन्दोलनमा सहभागिता, जनताका समस्या र चाहानाको सम्बोधन र न्यायपूर्ण वितरणमा उसको योगदानका आधारमा हुनेछ । कुन कमिटी वा कुन सदस्यको योग्यता र क्षमताको स्तर के छ भन्ने कुराको मापदण्ड स्पष्ट भएपछि आजको पार्टी निर्माणको प्रश्न पनि स्वतः समाधान हुन्छ ।

नेपाली समाज र राजनीतिको उपरोक्त विश्लेषण र कार्यभारसम्बन्धी निष्कर्षहरु हाम्रो पार्टीका लागि ऐतिहासिक महत्वका छन् । किनकि तिनले हामीलाई सैद्धान्तिक, राजनीतिक र सांगठानिक रूपले नयाँ चरणमा उठाउँछन् । यी नयाँ निष्कर्षको महत्वलाई पार्टीमा राम्ररी स्थापित गर्न सकिएन भने आजको युगको पार्टी निर्माण हुन सक्दैन । यी विचार आठौं महाधिवेशनदेखि औपचारिक रूपमा प्रवेश गरेका थिए । त्यसपछि यी विचारलाई स्थापित गर्न युवा कमरेडहरु लागिरहनुभयो, विभिन्न कमरेडले बहस-छलफलमा भागलिँदै जाने क्रममा अहिले यी विचार पार्टीकै विचार बन्दै छन् । विचार निर्माणका विषयलाई गुटबन्दीको आँखाले हेरेर सकेसम्म पार्टीमा विचारको छलफल हुनै नदिने प्रयास अब असफल भएका छन् । तर, पार्टीले गर्न लागेका महत्वपूर्ण विचारहरूमाथि पर्याप्त समय दिएर पार्टीव्यापी रूपमा छलफल चलाउनु आवश्यक थियो । त्यसो गर्दा नयाँ निष्कर्षबारे पार्टी पंक्ति शिक्षित-प्रशिक्षित हुन्थ्यो । गुटबन्दीका तानातानीमा एकातिर हामीले यी निष्कर्षहरूको महत्वलाई ओझेलमा पार्दै छौं भने अर्कोतर्फ कार्यकर्तालाई एउटा ठूलो अवसरबाट वञ्चित गर्दै छौं । जे भए पनि अब नेकपा एमाले विचारका क्षेत्रमा पुनर्गठित हुँदै छ । विचारका हिसाबले हामी पुनर्व्यवस्थित हुँदै छौं । भन्नुको अर्थ जननेता कमरेड मदन भण्डारीको अगुवाइमा स्थापित जनताको बहुदलीय जनवादलाई नयाँ उचाइमा विकसित हुँदै छ, अझ समृद्ध हुँदै छ ।

मार्क्सवाद, जनताको बहुदलीय जनवाद र हाम्रा पछिल्ला निष्कर्षहरूका आधारमा हामीले जनताको बहुदलीय जनवादलाई विकसित गर्न सक्दा हाम्रो पार्टी एकीकृत कम्युनिस्ट आन्दोलनको केन्द्र बन्न सक्छ । अब नेपाल शान्तिपूर्ण र लोकतान्त्रिक बाटोबाटै समाजवादमा संक्रमण गर्छ भन्नेबारे हामीले पार्टी पंक्तिलाई प्रशिक्षित गर्नुपर्छ र त्यो कार्यभार बहन गर्न सक्ने पार्टी संगठनको निर्माण गर्नुपर्छ । शान्तिपूर्ण र लोकतान्त्रिक बाटोबाट समाजवादको निर्माण गर्ने आमबाटो नै जनताको बहुदलीय जनवाद हो भनेर परिभाषित र स्थापित गरियो भने अरु सबै कम्युनिस्ट पार्टीहरूलाई एकताबद्ध गर्ने मार्ग प्रसस्त हुनेछ । यसरी नवौं महाधिवेशनको ऐतिहासिकता स्थापित हुनेछ ।

उक्त कार्यभार बहन गर्ने जिम्मेवारी सिंगो नेकपा एमाले परिवारको हो । तर, सबैभन्दा बढी जिम्मेवारी केन्द्रीय कमिटीको हो । पार्टीको कार्यभार स्पष्ट नहुँदा महाधिवेशनको आयोजना केवल नेतृत्वको महत्वाकांक्षीहरूको गुटबन्दीको मैदान बन्न जान्छ । अब हामीले महाधिवेशनको आयोजना र नेतृत्वको चयन गर्दा राष्ट्रिय पुंजीको विकास र न्यायपूर्ण वितरणको व्यवस्था गर्दै समाजवादका आधार तयार गर्ने योजना र संगठनका प्रस्तावमा प्रतिस्पर्धा गराउनुपर्छ जसले गर्दा नेतृत्वको हरेक प्रत्यासीले आफ्नो कार्यक्रमका आधारमा प्रतिस्पर्धा गरोस् । कुनै व्यक्ति अध्यक्ष भएर पाँच वर्ष नेतृत्व गर्दा मुलुकको कृषि, उद्योग, सेवा र वाणिज्य क्षेत्रमा के परिवर्तन आउँछ र श्रमजीवी, महिला, दलित, मधेसी, थारु, मुस्लिम, दुर्गम क्षेत्र, पछाडि परेका तराई-मधेस तथा जनजातीय क्षेत्रका जनताको जीवनमा कति परिवर्तन हुन्छ भन्ने कुरामा छलफल होओस् । यसरी पार्टीको माथिल्लो तहबाटै गुटबन्दीका आधारमा व्यक्तिको मूल्यांकन हुने अवस्थाको अन्त्य हुन्छ र योग्यताहरु नै नेतृत्वमा पुग्ने कुराको ग्यारेन्टी हुन्छ । व्यक्तिवादी वा नेताको वरिपरि गुटबन्दी हुने अहिलेको अवस्थाको अन्त्य हुनेछ र वास्तविक रूपले पार्टीमा नीतिको प्रधानता स्थापित हुन्छ । त्यही हिसाबले सबै योग्यता पुगेका व्यक्तिलाई विनाभेदभाव सदस्यता दिइनेछ । पार्टी कमिटीका स्थानीय अधिवेशनहरूको आयोजना गरिनेछ र सबै तहको नेतृत्वको निर्माण हुनेछ । यसरी पार्टीको हरेक कमिटी र सदस्य सामाजिक रूपान्तरणको योग्यतम्बाहक बन्न प्रयास गरिरहनेछ । हरेक सदस्य योग्यतम् बन्न प्रयास गरिरहने संगठन नै पार्टी क्रान्तिकारी बनिरहने कुराको ग्यारेन्टी हुनेछ ।

हामी अहिले राष्ट्रिय पुंजीको विकास गर्नुपर्ने अवस्थामा छौं । किनकि दलाल तथा नोकरशाही पुंजीले उद्यमशील पुंजीको विकासलाई अवरुद्ध गरेको छ । यस्तो समाजमा निर्माण गरिने पार्टीमा भ्रष्टाचार र दलालीको प्रभाव बढ्न सक्छ । त्यसबाट जोगाउन सकिएन भने कम्युनिस्ट पार्टी नै खतरामा पर्नसक्छ । राजनीतिलाई निजी लाभको पेसा बनाउनेहरूले पार्टीलाई कब्जा गर्न सक्छन् । त्यसका बलमा राज्यलाई भन्भन् कमजोर पार्न सक्छन् । त्यसैले हाम्रो पार्टीको हरेक सदस्य आफैंले उत्पादन गरेर बाँच्छ र आफ्नो आम्दानीको कर राज्यलाई बुझाउँछ भन्ने कुराको ग्यारेन्टी गर्नुपर्छ । पार्टीका विभिन्न स्तरमा पूर्णकालीन सदस्यहरु हुनैपर्छ । स्थानीयदेखि केन्द्रीय तहसम्मको पार्टी उत्पादन र न्यायपूर्ण वितरणमा संलग्न भएपछि वास्तविक पूर्णकालीन कार्यकर्ताको अझ ठूलो संख्या आवश्यक हुनेछ । पूर्णकालीन कार्यकर्ताको दैनिक जीवन निर्वाहका लागि आवश्यक पर्ने पारिश्रमिकको व्यवस्था पार्टीले गर्नुपर्छ । जब पार्टी मुलुकको चौतर्फी विकास र न्यायपूर्ण वितरणको व्यवस्थाका लागि सम्पूर्ण हिसाबले समर्पित हुन्छ तब पार्टीसँग अनेकौं वैधानिक आर्थिक स्रोत हुनेछन् । पार्टीपंक्तिले नै पार्टीका जुनसुकै खर्च चलाउन सक्ने अवस्था तयार हुन्छ । सधैंभरि चन्दाबाट चल्नुपर्ने अवस्थाको अन्त्य हुन्छ ।

हाम्रोजस्तो समाज र प्रतिस्पर्धात्मक राजनीति भएको समाजमा पार्टीलाई समाजवादी ध्येयमा टिकाइरहन सकिन्छ कि सकिन्न भन्ने कुरा पार्टीमा विचारधारात्मक तथा सैद्धान्तिक चेतनाका लागि कस्तो वातावरण छ भन्ने कुराले निर्धारण गर्नेछ । त्यसैले हरेक कमिटीका सदस्यले निश्चित तहको पार्टी स्कुल उत्तीर्ण गरेको छ भन्ने कुरा निश्चित हुनुपर्छ । नियमित र अनिवार्य पार्टी स्कुलको व्यवस्था पार्टीलाई समाजवादी ध्येयको कम्युनिस्ट पार्टीका रूपमा टिकाइरहने सबैभन्दा महत्वपूर्ण सर्त हो । एकपटक प्रशिक्षित भएपछि पुग्छ भन्ने अहिलेको प्रचलनलाई हटाउनुपर्छ र हरेक वर्ष केन्द्रीय कमिटीदेखि स्थानीय तहसम्मका सबै कमिटीका सदस्यले पार्टी स्कुलमा अनिवार्य रूपले अध्ययन गर्ने व्यवस्था गर्नुपर्छ ।

कार्यभारबारे सैद्धान्तिक रूपले नै अस्पष्टता रहनु र संगठन गुटबन्दीमा विभाजित हुँदा पार्टीका जनसंगठन स्वयं पनि गुटबन्दीको सिकार भएका छन् । यो अवस्थालाई फेर्नुपर्छ । अब जनसंगठनहरूको कार्यभार पार्टीको कार्यभारजस्तै राष्ट्रिय पुंजीको विकास र समाजवादी ध्येयको विस्तार हो भनेर तोकिनुपर्छ र आफ्नो समुदायको समग्र हितको काममा केन्द्रित हुनुपर्छ । त्यस ध्येयमा आधारित भएर हाम्रा सबै जनसंगठनहरु सञ्चालित हुनेछन् र आ-आफ्नो क्षेत्रका बहुसंख्यक व्यक्तिलाई कुनै न कुनै हिसाबले संगठित वा परिचालित गर्छन् भन्ने लक्ष्यका साथ ती संगठन सञ्चालित हुनेछन् ।

देशभित्र र बाहिरका शक्ति र दबाबले उत्पन्न गरेका अनेकौं उतार-चढावपछि मुलुकको राजनीति क्रमशः हामीले अपेक्षा गरेको र पहलकदमी लिएकै दिशामा अगाडि बढ्यो । माओवादीसँग हामी लोकतन्त्रमा सम्झौता गर्न सक्दैनथ्यौं, दरबारसँग गणतन्त्रमा सम्झौता गर्न सक्दैनथ्यौं । त्यसैले हामीले लोकतान्त्रिक गणतन्त्रको बाटो लियौं । हामीले लोकतान्त्रिक गणतन्त्रको पक्षमा घोषणा गरेपछि नेपाली कांग्रेस पनि त्यसमा समाहित हुँदै गयो र हाम्रो आन्दोलन क्रान्तिमा विकसित हुँदै गयो । गणतन्त्रलाई रोक्न देशभित्र र बाहिरबाटसमेत अनेकौं प्रयत्न भएका थिए । तर, ती सबैलाई हामीले चिर्न सक्यौं । तर, उग्रवादको लपेटाका प्रभावबाट जनमतलाई जोगाउन सकिएन । ०६४ सालको संविधानसभाको निर्वाचनमा लोकतान्त्रिक गणतन्त्रको पक्षमा निरन्तर पहलकदमी गरिरहेको हाम्रो पार्टीले पराजय व्यहोर्नुपऱ्यो । नेकपा एमालेले राजनीति जितेको थियो र निर्वाचनमा पराजित भयो । त्यसको नैतिक जिम्मा मैले लिएँ र महासचिवबाट राजीनामा गरें । मैले पार्टीको पराजयको नैतिक जिम्मा लिएको थिएँ, तर राजनीतिबाट भागेको थिइनँ । नैतिक जिम्मा कबोल गरेबापत मलाई कतिपय कमरेडहरूले लाञ्छित गर्ने प्रयत्न गरेको देख्दा दुःख लाग्छ । मुलुकको असामान्य राजनीतिक अवस्थामा मैले पार्टीको नेतृत्व सम्हालें । यहाँनिर मैले एउटा तथ्यबारे पार्टीपंक्तिलाई जानकारी दिनैपर्छ कि जब पार्टीलाई कमरेड मदन भण्डारी र कमरेड जीवराज आश्रितको शोकको अवस्थाबाट सम्हालियो त्यहाँदेखि नै पार्टीमा गुटबन्दी आरम्भ भयो । यो साना दुःखले आर्जेको पार्टी थिएन र पार्टीका अगाडि धेरै सम्भावना उभिएका थिए । तर, बढ्दै गएको गुटबन्दीले गर्दा पार्टीमा समस्या गहिरिँदै गयो । गुटबन्दीको चरित्र विषय केन्द्रितभन्दा बढी स्थायी प्रकृतिको बन्दै गयो । गुटबन्दीलाई व्यवस्थापन गर्नुपर्दा संगठनका कैयन पक्षमा मैले सम्झौता गर्नुपऱ्यो । पार्टीबाहिरको अस्थिर र उतार-चढावपूर्ण राष्ट्रिय परिस्थिति र पार्टीभित्र घर गरेको स्थायी गुटबन्दीका दबाबका कारणले पार्टी सञ्चालनका दैनन्दिन मामिलामा मबाट कतिपय कमी-कमजोरी भएका हुन सक्छन् भन्ने कुरा इमानका साथ म स्विकार्छु । तर, पार्टी र मुलुकको राजनीतिलाई बचाउन, मुलुकमा शान्ति बहाल गर्दै लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने काममा पार्टीको मुख्य जिम्मेवारका हिसाबले मैले जे जति मिहिनेत र पहलकदमी गरें त्यसमा मैले ठीकै गरेको छु भन्ने लाग्छ । केही वर्षअगाडि मात्रै पार्टी र मुलुकको राजनीतिले हिँडेको बाटो सबैको सम्झनामा ताजै छ भन्ने मेरो विश्वास छ ।

पार्टी र मुलुकका चुनौती र सम्भावनाबीच नेकपा एमालेको नवौं महाधिवेशनमा अध्यक्ष पदका लागि तयार रहन तपाईंहरु र देशभरिबाट भएका आग्रहलाई म सम्मान गर्छु, तर त्यसभन्दा अगाडि मेरो प्रस्ताव सबैसामु राख्न चाहन्छु । पार्टीमा दोस्रो पुस्ताबाट नेतृत्वको भरपर्दो पंक्ति तयार भइसकेको छ । यो पंक्ति सैद्धान्तिक-राजनीतिक, सांगठानिक, वैदेशिक तथा कूटनीतिक चेतना, सुझबुझ र दक्षताको क्षेत्रमा हामी पहिलो पुस्ताभन्दा कुनै पनि हिसाबले कमजोर छैन । त्यसैले हामी पहिलो पुस्ताका नेताहरु सक्रिय छँदै पार्टीको नेतृत्व दोस्रो पुस्तामा नेतृत्व हस्तान्तरण गरौं भन्ने मेरो पहिलो प्रस्ताव छ । हामीले आ-आफ्ना गुट खडा गरेर दोस्रो पुस्ताका नेतालाई विभाजित गर्ने हो भने हामी पहिलो पुस्ताको रेखदेख तथा सल्लाह-सुझावमा दोस्रो पुस्ताले पार्टीलाई प्रभावकारी तरिकाले सञ्चालन गर्न सक्छ भन्ने मेरो विश्वासका आधारमा मैले उक्त प्रस्ताव राखेको छु । तर, पार्टीलाई योग्यता-क्षमताका आधारमा सञ्चालन गर्ने होइन, हामी पहिलो पुस्ताकै नेताबीच आलोपालो गर्ने हो र औपचारिक रूपले नै असैद्धान्तिक तथा अवैचारिक गठबन्धनका आधारमा अल्पतन्त्र चलाउने हो भने पार्टीमा हामीले हुर्काएको नयाँ पुस्ताले आफ्नो योग्यताको प्रदर्शन गर्ने अवसरसमेत पाउँदैन । त्यसो पार्टीले आजको मुलुकको अभिभारा बोक्न सक्दैन । तसर्थ, नेकपा एमालेको सम्पूर्ण पार्टी परिवारले मेरो प्रस्तावलाई समर्थन गर्न आह्वान गर्छु ।

आजकल विचार, सिद्धान्त र कार्यभारहरूलाई किनारा लगाएर नवौं महाधिवेशनमा सर्वसम्मत नेतृत्व चयन गर्ने अमूर्त चर्चा चलेको छ । म आफैं पनि सहमतिविरुद्ध छैन । तर, म दोस्रो पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने र पार्टीको अग्रगतिको ग्यारेन्टी गर्ने प्रस्तावका साथ सहमतिका लागि तयार छु । यदि मेरो यस प्रस्तावमा सहमति हुँदैन र 'मिलिजुली बसौं, बाँडिचुँडी खाऔंलाई' नै पार्टी नेतृत्वको सिद्धान्त बनाउने हो भने म त्यस्तो सहमतिको पक्षमा छैन । यदि मेरो प्रस्तावमा सहमति हुँदैन भने दशौं महाधिवेशनभित्रै दोस्रो पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने ग्यारेन्टीका साथ नवौं महाधिवेशनमा पार्टी नेतृत्व सम्हाल्न तपाईंहरूले गर्नुभएको आग्रहलाई स्वीकार गर्नु म आफ्नो कर्तव्य ठान्छु ।

*(नेकपा एमालेका वरिष्ठ नेता नेपालले एमालेको नवौं राष्ट्रिय महाधिवेशनका सन्दर्भमा शनिबार गर्नुभएको नीतिगत घोषणाको सम्पादित अंश)*

# महिलालाई आफ्नै घरमा खतरा

*मीना शर्मा*

विगत एक वर्षमा एक सय ७८ महिला तथा बालिकाको हत्या भएकोमा एक सय आठजना परिवारकै सदस्यबाट मारिएका छन् । यसको अर्थ 'महिला घरभित्रै झन्झन् असुरक्षित हुँदै छन्' भन्ने हो ।

देशभर १०४औँ अन्तर्राष्ट्रिय महिला दिवस मनाइरहँदा २४ फागुनमा राजविराजको एक महिलालाई परिवारकै सदस्यले हत्या गरे । प्रहरीले जेठानी र सासूलाई नियन्त्रणमा लिएर कारबाही अगाडि बढायो । राजविराज नगरपालिका– ७ की २६ वर्षीया नजरना खातुनलाई शरीर जलेको अवस्थामा प्रहरीले उद्धार गरी अस्पताल पुर्‍यायो । शरीरको धेरैजसो भाग जलेकाले अस्पतालले नजरनालाई बचाउन सकेन । २४ फागुन राति उपचारको क्रममा धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उनको मृत्यु भयो ।

हत्या गरेको आशङ्कामा सासू बानो र जेठानी नूरजहालाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय राजविराजका डीएसपी राजकुमार वैदवारले बताए । डीएसपी वैदवारका अनुसार सासू र जेठानीलाई 'कर्तव्य ज्यान मुद्दामा' कारबाही अगाडि बढाइएको छ । घटनास्थलमा भेटिएका कपडा, मट्टीतेलको बोतललगाएका सामान प्रहरी प्रधान कार्यालयमा परीक्षणका लागि पठाइएकोले रिपोर्ट आउन बाँकी रहेको उनले बताए । डीएसपी वैदवारका अनुसार नजरनाको हत्या सासू र जेठानीले गरेको आशङ्का गराउने केही तथ्य भेटिएका छन् । घटनास्थलबाट ५० मिटरको दूरीमा मट्टीतेल प्रयोग भएको भाँडो भेटिनु र सासू बानो र जेठानी नूरजहाको हातमा मट्टीतेलको गन्ध पाइनुले पनि हत्या उनीहरूले नै गरेको हुनसक्ने आशङ्का बलियो भएको छ । छिमेकीहरूको बयानका आधारमा पनि हत्या परिवारबाटै भएको हुन सक्ने पक्का छ । २२ महिनाकी छोरीकी आमा नजरना पाँच महिनाकी गर्भवती पनि थिइन् । नजरनाका श्रीमान गुड्डु अन्सारी अहिले वैदेशिक रोजगारमा साउदी अरबमा छन् । गर्भवती अवस्थामा परिवारबाट माया र सहयोग पाउने बेलामा घरकै व्यक्तिबाट मर्नुपर्ने नजरनाजस्ता धेरै नेपाली महिलाका लागि आफ्नै घर सुरक्षित देखिँदैन ।

**क्रूर व्यवहार**

वीरगञ्ज उपमहानगरपालिका– १९ बस्ने गायत्री कुशवाह (२१) को परिवारका सदस्यले विष खुवाएर हत्या गरेको भन्दै उनका माइती पक्षले प्रहरीमा उजुरी गरेका छन् । भनेजति दाइजो नल्याएको भन्दै लोग्ने सन्तोष कुशवाह र सासू–ससुरा मिलेर विष खुवाएर मारेको आरोप माइती पक्षको छ । २७ फागुनमा वीरगञ्जमा पत्रकार सम्मेलन गरेर मृतकका बाबु रामरूप महतोले समयमा दाइजो दिन नसकेको कारण छोरी गुमाउनुपरेको गुनासो गरे । २१ फागुनमा विष सेवनबाट बेहोस भएकी गायत्रीको उपचारको क्रममा सीमावर्ती रक्सौलको डन्कन अस्पतालमा मृत्यु भएको थियो । सन्तोष र गायत्रीको दुई वर्षअघि बिहे भएको थियो । घरपट्टिकाले चार लाख दाइजो मागे पनि तीन लाख ५० हजार मात्र दिएकाले छोरी गुमाउनुपरेको बाबु महतोको गुनासो थियो ।

दाइजोको निहुँमा होस् वा अन्य विभिन्न बहानामा प्रत्येकजसो दिन महिलामाथि हिंसा भइरहेको छ । श्रीमान्, सास–ससुरा, नन्द–आमाजूलगायत परिवारका सदस्यले दिने यातनाले महिला मात्र होइन काखमा रहेका नाबालक र गर्भमा रहेको शिशुले समेत यातना भोग्ने गरेका घटना पछिल्लो समयमा बढ्दै गएका छन् । सल्यानमा एक व्यक्तिले २६ फागुन राति श्रीमती र दुई छोरालाई जिउँदै जलाएर मार्ने प्रयास गरेको थियो । कुपिन्डेदह– २ आगरनेटाका ३२ वर्षीय ठगे कवरले श्रीमती र दुई छोरालाई घरभित्र थुनेर आगो लगाएर भागेका थिए । आगो लागेको थाहा पाएपछि दुई छोरासहित बाहिर निस्किएकी सुनिताले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि ठगेलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ । लामो समयदेखि यातना दिँदै आएका श्रीमान्ले मार्ने प्रयास गरेको भन्दै सुनिताले प्रहरीमा उजुरी दिएकी हुन् ।

आठ कक्षामा पढ्दापढ्दै तीन वर्षअघि वीरगञ्ज कुम्हालटोल– ६ का एक तरकारी व्यापारीसँग विवाह गरेकी पर्साको नगवा माइती भएकी १९ वर्षीया आरती साह अहिले दाइजो नल्याएको निहुँमा पटक–पटक घरपरिवारको यातना सहन बाध्य भएकी छिन् । छोरालाई आफ्नो वशमा पारेको बहाना देखाउँदै सासूले घरबाट निकालिदिएपछि काखेछोरा च्यापेर माइती पुगेकी उनलाई माइती पक्षले सम्झाइबुझाई फिर्ता पठाएको थियो । खान–लगाउन नदिने सासूले आरतीलाई चुलेसीले खुट्टामा हानेर घाउ बनाइदिएपछि उनी न्याय माग्दै प्रहरीमा पुगेकी हुन् । आरती भन्छिन्, 'पुलिस आएर थर्काएपछि केही दिन राम्रो गरे पनि फेरि सासूले सताउन थालेकी छिन् ।' आरती साहजस्तै परिवारकै सदस्यबाट पीडित वीरगञ्जकी पूर्णिमा साहको कथा पनि दुःखलाग्दो छ । एक वर्षअघिसम्म दाइजो नल्याएको र दुईवटी छोरी जन्माएको भन्दै कुटपिट गर्ने सासूले अब छोरा जन्मेपछि पनि यातना दिन छोडेकी छैनन् । बुहारीसँगै नातिनीलाई पनि सताउने पूर्णिमाकी सासूले अनेक बहाना बनाउँदै खानासमेत दिन्नन् । दाइजोको बहानामा होस् वा छोरा नजन्माउँदाको यस्ता अनेक बहानामा महिलाले प्रत्येक दिनजसो भोग्नुपर्ने यातनाका कथा निकै दर्दनाक छन् ।

**घरमै ज्यादती**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सार्वजनिक गरेको महिला तथा बालिकाविरुद्ध भएका हिंसासम्बन्धी अध्ययन प्रतिवेदन ०७० ले एक वर्षमा दुई हजार तीन सय ४८ महिला र १८ वर्षमुनिका सात सय बालिका गरी तीन हजार हजार ४८ जना हिंसामा परेका छन् । बहुविवाह, बलात्कार, यौनिक हिंसा, बोक्सीको आरोप वा दुर्व्यवहार, ओसारपसार, दाइजोका लागि उत्पीडन, बेचबिखनलगायतका कारण महिला पीडित हुने गरेका छन् । इन्सेकले १७ पुस ०६९ देखि १६ पुस ०७० सम्म ७५ जिल्लामा गरेको अध्ययनअनुसार एक सय ७८ महिला तथा बालिकाको हत्या भएकोमा एक सय आठजनाको परिवारको सदस्यबाट हत्या भएको छ । महिला हिंसाका घटनामध्ये सबैभन्दा धेरै घरेलु हिंसाका कारण एक हजार पाँच सय ६९ महिला पीडित भए । दुई सय १५ महिला र चार सय ६ बालिका बलात्कृत भएको पनि प्रतिवेदनमा उल्लेख छ । एक वर्षदेखि ७२ वर्षसम्मका महिला बलात्कारबाट पीडित भएका छन् । महिला तथा बालिकाको हत्याका घटना हेर्दा पनि कहालीलाग्दो छ । एक वर्षमा कुटपिटबाट ५८, विष खुवाएर ११, झुन्ड्याएर १४, धारिलो हतियार प्रयोगबाट ४८, ढुङ्गाले किचेर पाँचजनाको हत्या भएको छ । त्यसैगरी बलात्कारपछि हत्या ६, आगो लगाएर चार, हत्याको प्रकृति नखुलेको पाँच, भीरबाट खसालेर एक, घाँटी रेटेर एक, घाँटी थिचेर ११, घन प्रहारबाट दुई, खुकुरी प्रहारबाट सात र लट्ठी प्रहारबाट पाँचजना गरी एक सय ७८ जना महिलाको हत्या भएको तथ्याङ्क सार्वजनिक भएको छ । हिंसाका प्रकृति फरक–फरक देखिए पनि महिलामाथि हुने ज्यादती कम नभएको कुरा यो तथ्याङ्कले देखाउँछ । वर्षभर दुई हजार तीन सय ४८ महिला पीडित हुनु भनेको अहिले पनि महिला स्वतन्त्र रूपमा बाँच्न पाएका छैनन् भन्ने कुराको सङ्केत हो ।

*(सञ्चारिका फिचर सेवा)*

## खेलकुद

### वर्ष खेलाडीमा पारसको ह्याट्रिक

काठमाडौं । नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्काले पुरुष वर्ष खेलाडीमा ह्याट्रिक गरेका छन् । ०७० को पल्सर वर्ष खेलाडीमा कप्तान खड्का उत्कृष्ट खेलाडी हुंदै उपाधि रक्षा पनि गरे । गत वर्ष पनि



उनी नै पुरुष वर्ष खेलाडी घोषित भएका थिए । तीनपटक पुरुष खेलाडी हुनेमा पारस एक्लो खेलाडी बनेका छन् । यसपटक उत्कृष्ट खेलाडी हुंदा उनले क्रिकेटकै सुभाष खकुरेल, वसन्त रेग्मी, गल्फर शिवराम श्रेष्ठ र एथलेटिक्सका यामसाजन सुनारलाई पछि पारेका थिए । यता, महिलातर्फ जुडोकी सुनिता बोहरा वर्ष खेलाडी भएकी छिन् । सुनिताले सो विधामा भारोत्तोलनका तारादेवी पुन, क्रिकेटकी सीता रानामगर, पौडीकी सोफिया शाह र एथलेटिक्सकी दिलमाया कार्कीलाई निराश पारिन् ।

यसैगरी वर्षको युवा विधाको उपाधि फुटबलका विमल घर्तीमगरले बाजी मारेका छन् । विमल वर्षको युवा खेलाडीका लागि क्रिकेटका सोमपाल कमी र अविनाश कर्ण, पौडीका शिरीष गुरुङ र उसुका विशाल थापा सिंजालीबाट कडा चुनौती पाएका थिए । यता, राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक दासानायकेले उपाधि रक्षा गरेका छन् । दासायनायकेले फुटबलका बालगोपाल महर्जन, भलिबलका कपिलकिशोर श्रेष्ठ, उसुका युवराज गुरुङ र जुडोका ऋषिराम प्रधानलाई पाखा लगाए । आयोजक नेपाल खेलकुद पत्रकार मञ्चले यसपटक 'सरप्राइज प्याकेज'का रूपमा नेपाली टोलीलाई पुरस्कृत गर्‍यो ।

वर्षको चर्चित खेलाडीको उपाधि पुनः एकपटक भलिबलकै खेलाडीले प्राप्त गरेको छ । भलिबलकी सरस्वती चौधरी सो विधामा उत्कृष्ट ठहरिन् । मञ्चले विशेष अवार्ड क्रिकेटका शरद भेसवाकरलाई दिएको छ । यसैगरी धावक वैकुण्ठ मानन्धरलाई लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरिएको छ । पारा एथलिट अवार्ड यादव कुँवरले पाए । *– सन्तोष ढकाल (प्रशिक्षार्थी)*

### न्यु स्राइनलाई उपाधि

काठमाडौं । न्यु स्राइनले दोस्रो क्लासिक थ्री बाई थ्री छात्र बास्केटबल प्रतियोगिताको उपाधि मंगलबार जितेको छ । आयोजक क्लासिक कलेज इन्टरनेसनलको कोर्टमा भएको फाइनलमा न्यु स्राइनले सफ्टवारिकालाई १६–११ ले पराजित गर्‍यो । न्यु स्राइनको जितमा विश्व लामाले ६ र कुमार नेपालले ४ स्कोरको योगदान दिए । सफ्टवारिकाका पासाङ शेर्पाले ६, सन्तोष बस्नेत र सत्यम् श्रेष्ठले २–२ स्कोर गरे ।

सफ्टवारिकाका सन्तोष बस्नेत 'मोस्ट भेलुएबल प्लेयर' चुनिए । चारदिने नकआउट प्रतियोगितामा १२ टिम सहभागी थिए ।

### इनोभेटिभ र एचएचसिए च्याम्पियन

काठमाडौं/ इनोभेटिभ स्कुल र एचएचसिएले मंगलबार प्रथम न्यु समिट कप अन्तर स्कुल बास्केटबल प्रतियोगितामा फरक–फरक उपाधि जितेका छन् । न्यु समिट स्कुलको आयोजनामा भएको खेलमा छात्रतर्फ इनोभेटिभ स्कुल र महिलातर्फ एचएचसिए च्याम्पियन बनेका हुन् । पुरुषतर्फको उपाधि भिडन्तमा इनोभेटिभले ग्रिनल्यान्ड एकेडेमीलाई ५२–३६ ले हरायो । इनोभेटिभले ग्रिनल्यान्डमाथि सुरुदेखि नै दबाबमा राख्यो ।

चारै क्वाटर इनोभेटिभले १०–६, १२–११, १२–८ र १८–११ ले विजयी भयो । टोलीको जितमा अजय बस्नेतले २२ स्कोरको योगदान दिएका थिए । महिलातर्फको फाइनलमा एचएचसिएले भ्याली पब्लिकलाई २५–१४ स्कोरले पछि पार्दै उपाधिमाथि कब्जा जमायो । एचएचसिएको जितमा सन्जु राईले ८ स्कोर गरिन् ।

एचएचसिए पहिलो क्वार्टर ३–४ ले पछि पर्‍यो । एचएचसिएले दोस्रो क्वार्टर ३–३ को बराबरी गर्‍यो । अन्तिम क्वार्टरमा १०–५ स्कोर गर्दै एचएचसिएले भ्याली पब्लिकलाई निराश पार्‍यो । १० दिनसम्म चलेको प्रतियोगितामा छात्रतर्फ इनोभेटिभका आशिष बस्नेत र छात्रातर्फ एचएचसिएकी सन्जु राई मोस्ट भ्यालुएबल प्लेयर घोषित भए । एचएचसिएका विशाल राई र भ्याली पब्लिककी लक्ष्मी चौधरी हाई स्कोरर घोषित हुंदा आलोक लन्साल र आकृति गुरुङ थ्री प्वाइन्टर घोषित भए । *– अमित गौतम (प्रशिक्षार्थी)*

### दीपक एसियाडका लागि छनोट

काठमाडौं । दक्षिण कोरियाको इन्चोनमा हुने १७औं एसियाली खेलकुदका लागि बक्सिङ खेलाडी छनोट प्रतियोगिताको पुरुष ८१ केजीमा मध्यमाञ्चलका दीपक महर्जन मंगलबार पहिलो भएका छन् । पहिलोसंगै दीपक एसियाडका लागि छनोट भएका छन् । अघिल्लो संस्करणका कांस्य पदक विजेता दीपकले नेपाली सेनाका महेन्द्र केसीलाई अंकका आधारमा पराजित गरे ।

नेपाल बक्सिङ संघद्वारा आयोजित प्रतियोगिताको पुरुष ५२ केजीमा आर्मीका प्रेमकुमार चौधरीले एपिएफका लक्ष्मन तामाङलाई अंक आधारमा हराउंदै शीर्ष स्थान हात पारे । ६४ केजीमा नेपाल प्रहरी क्लबका भुपेन्द्र थापा पहिलो भए । पुरुषको ४९ केजीमा एपिएफका विक्रम परियारले मध्यमाञ्चलका सुशील थापा तथा आर्मीका रेशमबहादुर शाहीले प्रहरीका नीरन्जन श्रेष्ठलाई अंकका आधारमा पाखा लगाउंदै फाइनलमा स्थान सुरक्षित गरे । ५६ केजीमा एपिएफका पुरन राईले प्रहरीका दिनेश श्रेष्ठलाई इन्जुरीका आधारमा पराजित गर्दै अन्तिम दुईको स्थान पक्का गरे । ६० केजीमा एपिएफका पूर्णबहादुर लामाले एपिएफका दानबहादुर दर्लामीलाई अंक आधारमा निराश पार्दै प्रहरीका सुमन लामासंग फाइनल भेट पक्का गरे । *– शोभा खनिया (प्रशिक्षार्थी)*




# रङ्गीन खबर

## मान्छे प्रतियोगिता मञ्चित



नेपाल साँस्कृतिक संस्थानले आयोजना गरेको उपत्यकाव्यापी एकांकी नाटक प्रतियोगिता अन्तर्गत 'मान्छे प्रतियोगिता' राष्ट्रिय नाचघरमा मञ्चन भएको छ । श्रीराम दाहाल निर्देशित नाटक 'मान्छे प्रतियोगिता'मा जेबी डिसी, रिता थापा, पूर्खाजित राई, ज्योति राई, सुरेश थापा, दिपक आचार्य, डिपी भण्डारी, अजित लामिछाने र विनोद खतिवडाले अभिनय गरेका थिए । मनोजबाबु पन्तले लेखेको एकांकीका प्रस्तोता ज्योति राई हुन् भने मन्जिल मोहन कार्कीले संगीत संयोजन गरेका थिए ।

१८ गते देखि सुरु भएको एकांकी नाटक प्रतियोगिता २७ गते सम्म चल्ने छ । प्रतियोगितामा ८ वटा नाटकले प्रतिस्पर्धा गर्दैछन् ।

## अब उदयपुरमा फिल्म अवार्ड

काठमाडौं । राजधानीमा मात्र केन्द्रित फिल्म अवार्ड अब मोफसलतिर पनि सरेको छ । उदयपुर जिल्लाका उत्साही युवाहरूले उदयपुर फिल्म अवार्ड गर्ने भएका



छन् । अवार्ड सगरमाथा अञ्चलको शैक्षिक, ऐतिहासिक, धार्मिक पर्यटनलगायतको विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यले आयोजना गर्न लागिएको बताइएको छ ।

अवार्ड २७, २८, २९ जेठमा उदयपुरको सदरमुकाम गाईघाटमा आयोजना हुने जानकारी आयोजकमध्येका एक राजु सुन्दासले दिए । अवार्डमा २०७० सालभित्र नेपालभरि प्रदर्शन भएका ९७ फिल्म प्रतिस्पर्धामा हुनेछन् । अवार्ड उत्कृष्ट निर्देशक, कथा, नायक, नायिका, छायाकार, नव–नायक, नव–नायिका, चरित्र अभिनेता, चरित्र अभिनेत्री र शृंगार गरी जम्मा ११ विधामा प्रदान गरिनेछ ।

## आठौं अन्तर्राष्ट्रिय आदिवासी फिल्म महोत्सव हुने

काठमाडौं । अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव–०७१ जेठ २९ बाट राजधानीमा हुने भएको छ । तीन दिनसम्म चल्ने आठौं संस्करणको महोत्सवको आयोजक इन्डिजिनियस फिल्म अर्काइभ (आइफा) हो ।

महोत्सवमा आदिवासी जनजातिसम्बन्धी चलचित्र, छोटा चलचित्र, वृत्तचित्र, एनिमेटेड एवं म्युजिक भिडियोसमेत



प्रदर्शन गरिनेछ । आइफाले महोत्सवका लागि २७ देशका १०३ चलचित्र तथा वृत्तचित्र प्राप्त भएकामा १८ देशका लामाछोटा गरी ३६ चलचित्र/वृत्तचित्र छनोट गरिएको जानकारी दिएको छ । महोत्सव राष्ट्रिय सभागृहका दुईओटा हलमा प्रदर्शन गरिने महोत्सव–निर्देशक संजोग लाफामगरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## इन्द्रजाल बजारमा

काठमाडौं । साहित्यकार नारायण ढकालको कथासंग्रह 'इन्द्रजाल' सार्वजनिक भएको छ । भृकुटीमण्डपमा चलिरहेको नेपाल शैक्षिक तथा पुस्तक–मेलामा फाइन प्रिन्टले पुस्तक सार्वजनिक गरेको हो ।

पुस्तकमा दश कथा कृतिमा समेटिएको छ । साहित्यमा मार्क्सवादी दृष्टिकोणलाई कलात्मकता दिन सफल मानिने ढकालको कृतिमा नेपालको वामपन्थी तथा लोकतान्त्रिक आन्दोलनमा देखिएका विसंगतिको चित्रण छ । उनका अनुसार राजधानी र यसवरपरका काँठदेखि हिमाल र तराईसम्मका परिवेश, पात्र र सम्बन्ध कथामा आएका छन् ।

कृतिमा संग्रहित कथाबारे कवि विमल निभा भन्छन्, 'ढकालको लेखकीय क्षमताको सुन्दर नमुना हुन्, यी कथा । कथाले मात्र उनको सम्पूर्ण साहित्यिक क्षमताको मूल्यांकन गर्न नसकिए पनि सशक्त कथाकारिताको चिनारी गराउँछ ।' राजनीतिक टिप्पणीकारका रूपमा चर्चित ढकालका तीन उपन्यास, चार कथासंग्रह, दुई बालकथासंग्रह, दुई निबन्धसंग्रह प्रकाशित छन् । उनको उपन्यास प्रेतकल्पले साझा पुरस्कार प्राप्त गरेको छ । उनी २२ जेठमा १२ बजेपछि पुस्तक–मेलामा कृतिमा हस्ताक्षर गर्न उपस्थित हुँदै छन् ।

## छायाँकनमा फिंगरप्रिन्ट

काठमाडौं । औषधि–विज्ञानको द्रुततर विकासले निम्त्याएको फिंगर प्रिन्टको विकल्पको विषयमा फिंगरप्रिन्ट नामक फिल्मको निर्माण सुरु भएको छ । थुप्रै टेलिशृंखलाको सम्पादन र निर्देशन गरिसकेका नवीन निरौलाको निर्देशनमा मंगलबारदेखि छायांकन सुरु भएको छ । मनोरञ्जनका साथै मननीय सन्देश समावेश



गरिएको बताइने फिल्ममा राज क्षितिज, आयुष्मा कार्की, रमेश बुढाथोकी, ओम प्रतीक, दीपक त्रिपाठी, सरिता लामिछाने, शंकर आचार्य, रश्मि भट्ट, आनन्द पुन, रामभक्त श्रेष्ठ, अमन पोखरेल, जेसिका भूषाल, विश्व खड्कालगायतका कलाकार प्रमुख भूमिकामा छन् ।

निर्देशक नवीन आफैंले लेखेको फिल्मको स्क्रिप्ट धेरै समयको खोज, अध्ययन, अनुसन्धान र विज्ञहरूसँगको परामर्शमा तयार पारिएको उनले बताएका छन् । राजधानीवरिपरि छायांकन गरिने फिल्ममा सस्पेन्स, थ्रिलर र लभस्टोरीलाई समेत समावेश गरिएको छ । फिल्म सुमन तण्डुकारले खिचिरहेका छन् ।

*– शुभेक्षा खड्का (प्रशिक्षार्थी)*

## 'बघिनी' र 'सुन रे सियाराम'

काठमाडौं । भृकुटीमण्डपमा चलिरहेको १८औं नेपाल शैक्षिक तथा अन्तर्राष्ट्रिय पुस्तक मेलामा याम्बुरी बुक प्वाइन्टले दुई पुस्तक सार्वजनिक गरेको छ ।

प्वाइन्टले शुक्रबार कथाकार दिलीप शाहको कथा–संग्रह 'बघिनी' सार्वजनिक गरेको छ । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पुस्तक सार्वजनिक गरेका हुन् ।

त्यसैगरी शनिबार श्रवण मुकारुङको गीत–संग्रह 'सुन रे सियाराम' नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँलाले सार्वजनिक गरे । पुस्तक मेलालाई लक्षित गरेर प्रकाशन गरिएको प्वाइन्टका अध्यक्ष कुयाङ लामाले बताए । दुवै कृतिका लेखक मेलाको अन्तिम दिन २२ जेठमा पुस्तकमा हस्ताक्षरसहित पाठकसंग अन्तर्क्रिया गर्न उपस्थित हुने उनले बताए ।

## दर्शनको 'आमा नेपाल'

काठमाडौं । लिटिल एन्जलस हातिवन ६ कक्षामा अध्ययनरत दर्शन महर्जन सानो उमेरमै धेरै उपलब्धी हासील गरेकी छिन् । २०१२/०१३मा लिटिल मिस वर्ल्डमा सहभागी सँगै दर्जनौ कार्यक्रमहरूमा गीत, नृत्यहरू प्रदर्शन गरेकी छिन् । शान्ता राष्ट्रिय उत्कृष्ट बाल पुरस्कार २०७० बाट सम्मानित भइ सकेकी उनले राष्ट्र र राष्ट्रियता प्रति समर्पित 'आमा नेपाल' सन्देश मूलक गीति एल्बम बजारमा ल्याएकी छन् । गीत गाउन, नाच्न, पौडी खेल्न, मोडलिङ गर्न रूचाउने दर्शनाको 'आमा नेपाल' एल्बममा साना साना, नमस्कार, बारीको फूल, सुन है सुन, अनारले कति, मायाको अर्थ (सन्देश) गरी ६ वटा गीतहरू समावेश छन् । 'कला, भाषा र संस्कृतिलाई जर्गेना गरौ । नेपाली साहित्यलाई आजै देखि प्रोत्साहन गरौ ।।' भनिएको एल्बम राष्ट्र र राष्ट्रियता प्रति समर्पित रहेको छ । बुवा नरेन्द्र महर्जन र आमा नम्रता महर्जन सँगै हरिसिद्धि–५, ललितपुरमा बस्दै आएकी दर्शना शास्त्रीय सङ्गीतमा पनि पोख्त छिन् ।



*– भिमा राना (प्रशिक्षार्थी)*

# कर्पोरेट

## सिद्धार्थ बैंकको आइएफसीसँग सहकार्य

सिद्धार्थ बैंक र इन्टरनेसनल फाइनान्स कर्पोरेसन (आइएफसी) बीच 'ग्लोबल ट्रेड फाइनान्स प्रोग्राम'अन्तर्गत सहभागी बैंकको रूपमा काम गर्ने सहमति भएको छ । सहमतिपत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारी तथा आइएफसीका नेपालका लागि आवासीय प्रतिनिधि भ्यालेन्टिनो एस बगतसिंगले हस्ताक्षर गरेका थिए ।

सहमतिअन्तर्गत आइएफसीले सिद्धार्थ बैंकलाई अन्तर्राष्ट्रिय व्यापार सुविधा प्रदान गर्नेछ । सिद्धार्थ बैंक आइएफसीको ग्लोबल ट्रेड फाइनान्स प्रोग्रामअन्तर्गत सुविधा प्राप्त गर्ने छैटौं नेपाली वाणिज्य बैंक बनेको छ । बैंकका हाल मुलुकभर ४६ शाखा, ४९ शाखारहित सेवाकेन्द्र तथा ५६ एटिएम सञ्जाल छन् ।

## सिभिकको सीमित बैंकिङ इकाइ

धादिङमा मुख्य कार्यालय रहेको सिभिक डेभलपमेन्ट बैंकले बैरनी गाविसमा सीमित बैंकिङ इकाइ सञ्चालनमा ल्याएको छ । इकाइबाट स्थानीयले बैंकिङ निक्षेप संकलन, निक्षेप भुक्तानी, कर्जा कारोबारलगायत रेमिट्यान्स सेवा उपभोग गर्न सक्नेछन् ।

अधिकृत पुँजी १० करोड, जारी पुँजी ५ करोड र चुक्ता पुँजी ४ करोड रहेको बैंकले छिट्टै ४:१ को अनुपातमा हकप्रद सेयर जारी गरी चुक्ता पुँजी ५ करोड रूपैयाँ पुऱ्याउने लक्ष्य राखेको छ ।

## पारस कार्बन मोबाइलका ब्राण्ड एम्बेसडर

नेपालका लागि कार्बन मोबाइलको आधिकारिक वितरक एलाइड ट्रेड लिंकले नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान पारस खड्कालाई ब्राण्ड एम्बेसडर नियुक्त गरेको छ । पारसलाई ब्राण्ड एम्बेसडर नियुक्त गरिएपछि कार्बन मोबाइल बजार अझै विस्तार हुने अपेक्षा गरिएको कम्पनीका प्रबन्ध निर्देशक मनीषराज भण्डारीले बताए ।

नेपाली क्रिकेटमा कार्बन मोबाइलले सहयोग गर्ने प्रतिबद्धता कम्पनीका कार्यकारी निर्देशक ससिन देवसरीले कार्यक्रममा जनाएका थिए । हाल नेपालभर १४ सर्भिस सेन्टर रहेकामा त्यसलाई विस्तार गरी २० भन्दा बढी स्थानमा पुऱ्याउने तयारी कम्पनीले गरेको छ ।

कम्पनीले नेपाली बजारमा दुई नयाँ मोडलका कार्बन सेट बिक्री सुरु गरेको छ । स्मार्टफोन प्रयोग बढ्न थालेपछि कम्पनीले एसवान प्लस र ए–९२ मोडलका नयाँ सेट नेपाली बजारमा बिक्री सुरु गरिएको जनाएको हो । दुई सिम लाग्ने सेटमा एन्ड्रोइड अपरेटिङ सिस्टम, एक गेगाहर्ज प्रोसेसर, ३.२ मेगापिक्सेल क्यामेरा, ३२ जिबी मेमोरी, वाइफाईलगायत विशेषता रहेको कम्पनीले जनाएको छ ।

## एनबी बैंकको सहयोग

नेपाल बंगलादेश (एनबी) बैंक स्थापनाको २०औं वार्षिकोत्सव अवसरमा काठमाडौंको गोलढुंगा गाविसस्थित नेपाल एकीकृत दृष्टिविहीन विकास समिति नामक गैरसरकारी संस्थालाई सहयोग उपलब्ध गराएको छ । बैंकले संस्थामा आश्रित १० दृष्टिविहीन बालबालिकालाई ५० हजार रूपैयाँबराबरको ब्रेल पुस्तिका तथा खाद्य सामग्री सहयोगस्वरूप उपलब्ध गराएको हो ।

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उपलब्ध गराइएका सामग्री तथा सहयोग रकम बैंकका नायब महाप्रबन्धक सुरेन्द्रभूषण श्रेष्ठले संस्थाका अध्यक्ष विनोद शर्मा काफ्लेलाई हस्तान्तरण गरेका थिए ।

## ज्योति बैंकमा कुँवर

ज्योति विकास बैंक सञ्चालक समिति बैठकले कृष्णबहादुर कुँवरलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेको छ । कुँवरले सोमबारदेखि कार्यभार सम्हालेको बैंकले जनाएको छ ।

यसअघि ग्लोबल आइएमई बैंक सञ्चालक समितिमा रहेका कुँवरले कृषि विकास बैंकमा ३ दशक जति उप–महाप्रबन्धकको जिम्मेवारी बहन गरिसकेका छन् । बैंकले हाल मुलुकभर २० शाखा कार्यालय तथा भरतपुर शाखाअन्तर्गत तनहुँको देवघाटमा एक एक्सटेन्सन काउन्टरमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

## सेन्चुरीको चाँदी खरिद सम्झौता

सेन्चुरी कमर्सियल बैंक र मर्कन्टायल एक्सचेन्ज नेपालबीच अनलाइन चाँदी खरिद बिक्री तथा वितरण सम्झौता भएको छ । सम्झौतापछि बैंकले मर्कन्टायलसँगको सहकार्यमा बैंकिङ पार्टनरका रूपमा काम गर्नेछ ।

मुलुकभर छरिएका खरिदकर्ताले मर्कन्टायलमार्फत १ केजीका दरले १५ प्रतिशत मार्जिन राखी अनलाइन मूल्यमा चाँदी खरिद गर्न सक्नेछन् । बैंकले आगामी दिनमा मर्कन्टायलसँगको सहकार्यमा कृषिमा आधारित कारोबारका लागि वायरहाउजिङमा लगानी तयारी भइरहेको जनाएको छ ।

## ग्लोबल आइएमईको विशेष प्रस्ताव

काठमाडौं/ ग्लोबल आइएमई बैंकको विशेष साधारणसभाले सेयर जारी गरी पुँजी बढाउनेसम्बन्धी विशेष प्रस्ताव पारित गरेको छ । बैंकको आइतबार वीरगञ्जमा बसेको विशेष साधारणसभाले विशेष प्रस्ताव पारित गरेको हो । ग्लोबल आइएमई र कमर्ज एन्ड ट्रस्ट बैंक नेपाल मर्जरपछि संस्थापक समूहको ७०. ६० र सर्वसाधारण समूहको २९.४० प्रतिशत सेयर स्वामित्व कायम हुन आएको थियो ।

राष्ट्र बैंकले मर्जरका लागि अन्तिम स्वीकृति दिँदा सर्वसाधारण समूहमा कुल चुक्ता पुँजीको न्यूनतम ३० प्रतिशत सेयर स्वामित्व पुऱ्याउन निर्देशन दिएपछि थप सेयर जारी गरी पुँजी वृद्धि गर्नेसम्बन्धी विशेष प्रस्ताव पारित गरिएको बैंकले जनाएको छ । ६ अर्ब पुँजी रहेको बैंकको झन्डै ५० अर्ब निक्षेप तथा ४१ अर्ब कर्जा लगानी र मुलुकभर १ सय २० भन्दा बढी सेवा सञ्जाल छन् । *– शिव खड्का (प्रशिक्षार्थी)*

## सुशीलमाथि...

देउवा र पौडेल दुवैले दुवैतिरबाट छिर्के हालेर सुशील कोइरालालाई सरकार, संसद र पार्टी नेतृत्वमा असफल भएको सिद्ध गराउने चालबाजी गरेका छन् ।

यद्यपि खुलाभन्दा कोठे चालबाजीमा माहिर सुशील कोइराला टसमस भएका छैनन र देउवा तथा पौडेलले रौं हल्लाउन नसक्ने उनले बुझेका छन् । त्यही भएकाले उनले महत्व नदिएको हुनसक्छ ।

## माधव नेपालको...

मनाएर माधव नेपाललाई राष्ट्रपति बनाउन सक्ने बुझेरै माधव नेपालले आफ्नो मनको इच्छा ओली समक्ष पुऱ्याइसकेका छन् । तर ओली र प्रचण्डले माधव नेपाललाई राष्ट्रपतिमा होइन, सभासद्मै थचार्ने निश्चित छ भन्ने कम्युनिष्ट विश्लेकषकहरूको बुझाई पाइएको छ ।

## नीतिगत...

२१ गते निर्णय सच्याउन कृषि मन्त्रालयलाई निर्देशन दिए पनि आयोगको निर्देशनलाई कृषि मन्त्रीले धोती लगाइदिएपछि चौधरी पुनः आयोग पुगेर निवेदन दिएकोमा आयोगले जेठ २ गते कृषि सचिवलाई त्यस विषयमा जानकारी गराउन जानकारी गराउन आयोगमा बोलाउने निर्णय गरेकोमा सचिव मन्त्रीको आडमा आयोगमा आजसम्म उपस्थित भएको समाचार आएको छैन । आयोगको निर्देशनको पालना गर्ने दायित्व सरकारको भए पनि सरकारले पालना नगरेको खण्डमा नीतिगत भ्रष्टाचार भएको भन्दै त्यस्ता व्यक्तिहरूमाथि आयोगले किन मुद्दा नचलाउने ? के आयोगको काम निर्देशन दिने मात्र हो ? केही मन्त्री, सचिवहरूले आयोगको निर्देशन उल्लंघन गरेमा प्रमुख आयुक्तले प्रधानमन्त्रीसँग कुरा गरेर मन्त्रीहरूलाई कानुनी दायरामा किन नल्याउने भन्ने चर्चा समेत चलेको छ ।

## कोइराला सरकार...

विकासका लागि कोइराला सरकार नै बाधक देखिएको हुनाले कोइराला सरकार विघटन गरेर देशलाई निकास दिने बाटो खुला गर्नुपर्ने बताएका छन् । मुलुकमा गणतन्त्र स्थापना भए पनि नेपाली जनताले गणतन्त्रको अनुभूति गर्न नपाएको महासचिव थापाले बताउँदै देशमा भएका उद्योगधन्दाहरू र कलकाखानाहरू धरासायी बनाएको हुनाले लाखौं युवाहरू विदेशिन बाध्य भएपनि सरकार भने चुप लागेर बसेको आरोप समेत लगाएका छन् । ठूला भनिएका राजनीतिक दलका नेताहरू अहिले लाज पचाएर चुप बसेको आरोप थापाको थियो । अब देशको आर्थिक उन्नति, जनसंविधान र पहिचानसहितको संघीयताका लागि नेकपा–माओवादीले निकट भविष्यमै अर्को जनआन्दोलन गर्ने उद्घोष समेत महासचिव थापाले गरेका थिए ।

महासचिव थापाले राज्यको पहिचान र संविधान निर्माण नगरी स्थानीय निकायको चुनाव गर्न खोज्नु सरकारको संघीयता विरोधी कार्य भएको धारणा राख्दै देश कांग्रेस, एमाले र एमाओवादीको स्वार्थका कारण अत्यन्तै कठीन मोडमा पुगेको बताउँदै पूर्वरक्षामन्त्री समेत रहेका महासचिव थापाले भने, नेपाली सेना प्रयोग गरी संविधानसभाको निर्वाचन गराइएको हुनाले यो संविधानसभाले गरेका कुनै पनि काम र निर्णयहरू आफ्नो पार्टी नेकपा–माओवादीलाई मान्य नहुने बताएका छन् । नेकपा–माओवादीले राखेका ६ बुँदे प्रस्ताव एमाओवादीले स्वीकार गरेको खण्डमा एमाओवादीसँग पार्टी एकीकरण हुन सक्ने बताए पनि अहिलेकै अवस्थामा भने कुनै हालतमा पनि एकीकरण नहुने उद्घोष गरेका छन् ।

## वामदेव...

प्रधानमन्त्रीसँग छानविनको माग गरेको यो पहिलो अवसर हो । राम्रालाई पन्छाएर हाम्रालाई बढुवा गर्दा प्रहरी मनोबल समाप्त हुने उनको दाबी छ । यद्यपि वामदेव गौतम डेग चलेका छैनन् । जे गरियो उचित गरियो भन्ने उनको ठम्याई छ ।

## बारले...

लोकतान्त्रिक पद्दति भित्रै पर्ने निष्कर्ष निकालेको छ । बारले राष्ट्रपति र प्रधानमन्त्री बीच स्पष्ट अधिकारको सिमांकन गरी दुवैमा कार्यकारी अधिकारको विभाजन गरिने शासकीय स्वरूप उपयुक्त हुने सुझाव दिएको छ ।

राजधानीमा तीन दिनसम्म चलेको संबैधानिक सम्मेलनमा संविधानसभामा विवादित मुख्य पाँचवटा विषयमा छलफल र बहस समेत भएको थियो । सम्मेलनमा विज्ञहरूद्वारा लिखित २९ वटा कार्यपत्रहरूमा छलफल भएको थियो । बारको संवैधानिक सम्मेलनले आउँदो माघ ८ गते भित्रैमा संविधान जारी गरी सक्न संविधानसभा बाहिर रहेका शक्तिको समेत सक्रिय सहभागितालाई विशेष प्रस्तावका रूपमा अघि सारेको भए पनि नेकपा–माओवादीसहितका अन्य दलरूलाई संविधान निर्माणमा कसरी सहभागी गराउने भन्ने विषयमा केही उल्लेख गरिएको छैन । सम्मेलनले वर्तमान सामाजिक, भौगोलिक र ऐतिहासिक विशेषताका आधारमा पहिचान र सामर्थ्यलाई प्रमुखतामा राखेर प्रदेशहरू बनाइनुपर्ने जोड दिएको भए पनि कति प्रदेश बनाउँदा उपयुक्त हुन्छ भनेर कहीँ बलेको छैन । बहुधार्मिक, बहुसाँस्कृतिक, बुहभाषिक हुने प्रदेशको मुख्य उद्देश्य पहिचान र सामर्थ्यका प्रशासनिक सुगमता पनि प्रमुख रहेको बारका निष्कर्ष छ ।

सर्वोच्च अदालत, प्रादेशिक अदालत र जिल्ला तहका गरी तीन तहको अदालतको व्यवस्थासहितका संविधानमा नेपाल बार उभिएको छ । बारले सबै अदालत न्यायधिकारण न्यायाधीश नियुक्तिका लागि बेग्लै संवैधानिक अंगको व्यवस्था गर्न सुझाव दिएको भएपनि केही जटिल कुराहरूमा भने बारले दुई धारे नीति लिएको एक कानुन विज्ञले बताएका छन् ।

## खरेललाई...

मान्छन् र खरेललाई कारबाही होइन पुरस्कार दिनुपर्छ भनेर वसन्तपुरदेखि माइतिघरसम्म जुलुस निकालेर सरकारलाई दबाब दिएका छन् । तर वामदेवका सामु कसको के लाग्छ ? चोरलाई चौतारो, साधुलाई सुली, घुस दिनेलाई एआईजी, नदिने दोस्रो नम्बरकालाई लोप्पा । हेर्नुछ, गृहमन्त्रीले रमेश खरेललाई पेन्डुलम बनाउँछन् कि जागिरबाटै हटाउन सक्छन् ? वामदेवको फूर्ति प्रतिक्षाको विषय बनेको छ ।

## दलहरूप्रति...

प्रश्न समेत गरेका थिए ।

सरकार गठन गर्दा कांग्रेस, एमालेबीच भएको सात बुँदे सहमतिमा वर्तमान राष्ट्रपति, उपराष्ट्रपति र संविधानसभाका अध्यक्षलाई निरन्तरता दिन संविधानसभाबाट अनुमोदन गर्नु पर्ने उल्लेख गरिएको छ । त्यसैबेला राष्ट्रपतिले हल्काफुल्का विरोध गरेका भएपनि अहिले आएर उनले कडा रूपमा विरोध गरे पनि दलहरूको प्रतिक्रिया भने अहिलेसम्म आएको छैन । सातबुँदे सहमति गर्दा आफूलाई कांग्रेसको राष्ट्रपति भनिएकोमा समेत आपत्ति जनाउँदै उनले दुखेसो समेत पोखेका थिए । आफू सबै नेपालीको राष्ट्रपति भएको बताउँदै सबैलाई संविधान अनुसार अघि बढ्न सुझाएका थिए ।

# मकै-भटमास विस्थापित गर्दै बर्गर-पिज्जा

काठमाडौं । मुख मिठ्याउँदै मकै–भटमास र मासु–चिउरा स्वाद लिने नेपाली समाज मुख फेर्ने नाममा बर्गर र पिज्जामा लम्किन थालेको छ । त्यसका लागि स्थानीयदेखि अन्तर्राष्ट्रिय स्तरका रेस्टुराँ धाउनेको संख्या ह्वात्तै बढेको छ ।

सहर तथा सहरोन्मुख क्षेत्रका सर्वसाधारणको खाना खाने शैलीमा परिवर्तनले पौष्टिक तत्वयुक्त परम्परागत खाजा पिज्जा र बर्गरले विस्थापित भएका छन् । पिज्जा र बर्गर खान दैनिक १ लाख २० हजारभन्दा बढीको संख्यामा रेस्टुराँमा लाग्ने लर्कोले त्यसलाई पुष्टि गरेको छ ।

काठमाडौं उपत्यकाका अधिकांश सर्वसाधारण साताको दुई दिन रेस्टुराँ जाने गरेका छन् । परिवारका सदस्य सामूहिक रूपमा खाना खानकै लागि रेस्टुराँ जाने गरेको पाइन्छ । उपत्यकामा २ हजारभन्दा बढी रेस्टुराँ सञ्चालनमा छन् । त्यसमध्ये साना र ठूला गरी करिब १ सय २० रेस्टुराँले फास्टफुड एसोसिएनमा आबद्ध भई ग्राहकलाई व्यवस्थित सेवा उपलब्ध गराउँदै आएका छन् ।

रेस्टुराँ एन्ड बार एसोसिएसन, नेपालमा २ सयभन्दा बढी आबद्ध छन् । अन्य रेस्टुराँ तथा फास्टफुड स्वतन्त्र रूपमा सञ्चालनमा छन् ।

रेस्टुराँ एन्ड बार एसोसिएसन अध्यक्ष तेजेन्द्रनाथ श्रेष्ठका अनुसार समाजको परिवर्तनअनुसार रेस्टुराँ संख्या र खाना खान जानेको संख्या उल्लेख्य वृद्धि भएको छ । सन् १९७० ताका खुलेका इन्दिरा रेस्टुराँ तथा इङ्याङ रेस्टुराँ पुराना हुन् ।

अध्यक्ष श्रेष्ठले रेस्टुराँ तथा फास्टफुडमा दैनिक सरदर १ लाख २० हजार मानिसको संख्या रेस्टुराँमा खाना खान जाने गरेको बताए । उपत्यकाका रेस्टुराँमा दैनिक १० करोडबराबरको कारोबार हुने गरेको छ । एक महिनामा सरदर ३ अर्बको व्यापार हुने यस क्षेत्रले ६० हजारलाई रोजगारी दिएको छ । व्यवसायमा ३० अर्ब लगानी भएको अनुमान छ ।

प्रतिमहिना रेस्टुराँ तथा फास्टफुडले ४० करोडसम्म राज्यलाई कर तिर्ने गरेको अध्यक्ष श्रेष्ठको दाबी छ । उनले सहरका सर्वसाधारणको व्यस्ततासँगै रेस्टुराँ व्यापार बढेको बताए । रेस्टुराँ क्षेत्रलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिंदै अध्यक्ष श्रेष्ठले राज्यले स्पष्ट नीति अवलम्बन गरी पर्यटन तथा राष्ट्रिय उद्योगको रूपमा विकास गनुपर्ने आवश्यकता औँल्याए ।

जीवनशैली परिवर्तनसँगै व्यवस्थित रूपमा खाना खाने शैलीमा पनि परिवर्तन भएको उनको भनाइ छ । फास्टफुड एसोसिएसनका अध्यक्ष फणिन्द्र श्रेष्ठले ग्राहक मागअनुसार खाना परिकार र उत्कृष्ट सेवा उपलब्ध गराउँदै आएको बताए । उनले फास्टफुड तथा रेस्टुराँ परिवर्तित समाजको उपज भएको दाबी गरे ।

रेस्टुराँमा केही नेवारी परिकारबाहेक खाजा तथा खाना स्थानीयभन्दा पनि विदेशी परिकार बढी तयार हुने गरेको छ । पछिल्लो समय रोजगारी तथा अध्ययनको सिलसिलामा विश्वका विभिन्न स्थानमा लामो समय बिताएर स्वदेश फर्कने नेपालीको जीवनशैलीमा आएको परिवर्तनले खाना खाने शैली फेरिन थालेको हो ।

यसैगरी नेपाल आउने पर्यटकको मागअनुसारको परिकार तयार गर्नुपर्ने भएकाले पनि सहरमा बसोबास गर्ने सर्वसाधारणमा त्यसको प्रभाव परेका कारण बर्गर र पिज्जाको माग बढ्न थालेको छ । ज्ञान, रोजगारी र मनोरञ्जनको कुनै सीमा नहुने भएकाले विश्वका कुनै पनि स्थानको भाषा, संस्कृति तथा शैलीको विस्तार भएसँगै नेपालका सहर तथा सहरोन्मुख क्षेत्रका सर्वसाधारणको शैलीमा परिवर्तन आएको व्यवसायी बताउँछन् । स्थानीय पौष्टिक तत्वयुक्त परम्परागत खाना–खाजामा भन्दा आकर्षक रूपमा सजाइएका खानाप्रति आकर्षण बढ्नुमा केही बाध्यता रहेको सर्वसाधारणको बुझाइ छ ।

स्वयम्भूका जयराम ज्ञवालीले सातामा तीनपटकसम्म रेस्टुराँ जाने गरेको बताए । विदेशी ब्रान्डका पेय पदार्थ तथा अन्य आकर्षक खाना खानेभन्दा पनि समय अभावका कारण बाध्यतावश रेस्टुराँ धाउनुपरेको उनी बताउँछन् ।

वैदेशिक रोजगारीमा जाने नेपालीको क्रय क्षमता वृद्धि भएकाले अन्तर्राष्ट्रिय ब्रान्डका पेय पदार्थ तथा परिकारमा पहुँच बढको छ । त्यस्तै, नेपालीको शैक्षिक स्तरमा सुधार, गरिबी न्यूनीकरण र प्रविधिमा पहुँच पुगेसँगै शैलीमा पनि परिवर्तन आएको छ । असीमित इच्छा र चाहनाले पनि व्यवहारमा परिवर्तन आएको हो ।

# ओली ओसिएको गोली

काठमाडौं । गत मगलबार केपी ओली बैंककबाट फर्केका छन् । एयरपोर्टमै उनले भने, अब म काम गर्न सक्ने भएर आएको छु । सधैं तातो बहस छेडिने सुइरो घोचेजस्तो बोल्ने केपी ओली यसपटक ओइलाएको साग भएर फर्केका छन् । उनको स्वास्थ्य पूर्ण रूपमा ठीक भएजस्तो कसैले अनुभव गरेनन् । ओलीले शुभचिन्तक, सहयोगी सबैलाई धन्यवाद दिए र भने, म जनताको ऋण चुक्ता गर्छु ।

ओली वैशाख १९ गते बैंकक गएका थिए । जेठ २० गते फर्किए । अब उनी पार्टी राजनीतिमा सक्रिय भएका छन्, जनसम्पर्क सुरू गरेका छन् । सबैको ध्यान ओली र माधव नेपालबीच हुने पार्टी अध्यक्षको प्रतिस्पर्धामा गएको छ । ओलीले भनेका छन्, पार्टीभित्रको नेतृत्वको विवाद सुल्झिन्छ । पुरानो फर्काउने होइन, नयाँमा नेतृत्व हस्तान्तरण गर्ने हो । ओलीको संकेत माधव होइन, मै हुँ भन्ने हो । स्मरणीय छ ओली चुनावी प्रचारप्रसारमा लागिसकेका छन् ।

# अल्पाइनको आर्थिक समीक्षा

काठमाडौं । हेटौंडामा मुख्य कार्यालय रहेको अल्पाइन डेभलपमेन्ट बैंकले चालू आव ०७०/७१ का लागि निर्धारित कारोबार लक्ष्य, लक्ष्यमा हालसम्म भएका प्रगति तथा बाँकी अवधिमा अपनाउनु पर्ने रणनीतिबारे दुईदिने छलफल आयोजना गरेको छ । दामनमा आयोजित छलफलमा बैंकको मुख्य कार्यालयले सबै शाखा प्रमुखसँग आर्थिक गतिविधिबारे छलफल गरेको प्रमुख कार्यकारी अधिकृत सुदर्शनप्रसाद अधिकारीले जानकारी दिए ।

बैंकले गत आवको तुलनामा चालू आवमा बचत परिचालन १५ प्रतिशत, कर्जा १८ प्रतिशत तथा नाफा १७ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरिएको छलफलमा जानकारी दिइएको थियो । आगामी आव ०७१/७२ का लागि बचत परिचालन १ अर्ब, कर्जा ९० करोड लक्ष्य निर्धारण गरिएको बैंकले जनाएको छ । हालसम्म विभिन्न स्थानमा १४ शाखा र ३ एक्सटेन्सन काउन्टर रहेको बैंकले आगामी आवमा चितवनमा १ तथा मकवानपुरमा १ गरी २ थप नयाँ शाखा विस्तारको तयारी भइरहेको जनाएको छ ।

# 'हिन्दूराष्ट्र हुन नदिन डलरको चलखेल'

काठमाडौं । राप्रपा नेपालका अध्यक्ष कमल थापाले हिन्दूराष्ट्र हुन नदिन डलरको चलखेल भएको बताएका छन् । उनले जनता जागिसकेको भन्दै अब डलरले किनेर हिन्दूराष्ट्र रोक्न नसकिने बताए ।

मदर नेपाल बाल सेवा संस्था ट्रस्टले काठमाडौंको गोठाटारमा गरेको महापुराणको उद्घाटन कार्यक्रममा बोल्दै उनले अहिले हिन्दू धर्मको रक्षा गर्नु चुनौतीपूर्ण भएको बताए । अध्यक्ष थापाले भने, '२००७ सालअगाडि क्रिस्चियन धर्म मान्ने २५ जना पनि थिएनन् । तर, अहिले डलरको चलखेलले २५ लाख पुगिसकेका छन् ।'

# हत्यामा संलग्न रहेको आरोपमा प्रक्राउ

वीरगंज । पर्साको अमरपट्टी गाविस वडा नं ६ बस्ने ३० वर्षिय नवल सहनीको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले अमरपट्टीकै दिपा भन्ने ३५ वर्षिय दिपक सहनीलाई नेपाल भारतको सिमा नजिकैको भिस्वा गा.वि.स.वडा न.९मा लुकिछिपी बसेको अवस्थामा ईलाका प्रहरी कार्यालय पोखरियाबाट खटेको प्रहरीले मंगलबार अपरान्हमा पक्राउ गरि सार्वजनिक गरेको छ । निज सूग नेपाली रू. ८०००० र भारू रू. १०००/रहेको पनि जानकारी गराएको थियो ।दिपा भन्ने दिपक सहनी मलाह बीच अवैध प्रेम सम्बन्ध रहेको र सोही अवैध प्रेम सम्बन्धको कारण निज दिपा भन्ने दिपक सहनी र प्रमिला देवी समेतले मिती २०७०/११/२७ गते बिहान ०७:०० बजेको समयमा आफ्नै घर भित्र प्रमिला देवीको श्रीमान् नवल सहनीलाई घाटी थिचि मारेका थिए । *–कुसुमलाल श्रेष्ठ*


**मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय कार्य भएको हुँदा नागरिक अधिकारप्रति सजग र सचेत बनौं र बनाऔं ।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार